CC-0. In Public Domain. Digitization by eGangotri

नं. २३६९

नेपाली साहित्यका विकासमा पत्रपत्रिकाको योगदान

नेपाली साहित्यका विकासमा पत्रपत्रिकाको योगदान
नं. २३६९



891.49
नं. २३६९

(वि.सं. १९५८ देखि १९९१ सम्म)

लक्ष्मीकान्त पन्थी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली साहित्यका विकासमा गोरखापत्रको योगदान

(वि. सं. १९५८ देखि १९९१ सम्म)



द. नं. 93506

2369

लक्ष्मीकान्त पन्थी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक:– लक्ष्मीकान्त पन्थी

रामहिटी, काठमाण्डौ

प्रकाशन मिति:– २०४१ साल वैशाख २४ गते

सर्वाधिकार–लेखकमा सुरक्षित

891.45
PAT

प्रथम संस्करण ५०० प्रति



मूल्य ६।–

मुद्रक:– गोरखापत्र संस्थानको छापाखाना काठमाडौं, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं. 2369

मन्तव्य

श्री लक्ष्मीकान्त पन्थीको 'नेपाली साहित्यका विकासमा गोरखापत्रको योगदान' (वि. सं. १९५८ देखि १९९१ सम्म) नामक यो शोधकृति छापिन लागेकोमा मलाई निकै खुशी लाग्यो। श्री पन्थीले आपना नेपाली स्नातकोत्तर अध्ययनका क्रममा निकै परिश्रम गरी तयार गरेको शोधपत्रको एक अंशलाई आधार तुल्याई आवश्यक थपघट सहित प्रस्तुत कृतिको लेखन गरेको कुरा यस प्रसङ्गमा उल्लेखनीय छ। यसबाट नेपाली पत्रकारिता क्षेत्रको 'गोरखापत्र' जस्तो अग्रणी पत्रिकाले एक खास समयावधिमा नेपाली साहित्यका उत्थानमा दिएको देनको झलक पाठक वर्गलाई प्राप्त हुन्छ र उत्तरवर्ती समयावधिका देन तर्फको थप जिज्ञासा पनि जागृत हुन्छ। यसका प्रकाशनमा गोरखापत्र संस्थानले देखाएको तत्परता प्रशंसनीय छ र यो अभिरूचिक्रम चालू नै रहने छ भन्ने पनि आशा राखौं।

विगत एक दशकका अवधिमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत नेपाली भाषा र साहित्य सम्बन्धी विभिन्न विषय क्षेत्रमा विधिवत् अध्ययन अनुसन्धान गर्ने-गराउने परम्परा सुदृढरूपमा संस्थापित हुँदै आएको छ। यस क्रममा छानिएका शोधक्षेत्रहरू मध्ये नेपाली भाषा र साहित्यका श्रीवृद्धिमा नेपाल भित्रका र बाहिरका विभिन्न पत्र-पत्रिकाले दिएको देनको सर्वेक्षण र विवेचना सम्बन्धी विषयक्षेत्र पनि पर्दछ र यस विषय क्षेत्रमा पनि निकै नै स्नातकोत्तर शोधकार्यहरू भइसकेका छन्। यस लहरको एक महत्वपूर्ण शोधपत्र प्रस्तुत संक्षिप्त रूप मै भए पनि प्रकाशित हुन आएको छ; यसलाई म एक अर्को शुभ-संकेत ठान्दछु। यसबाट भविष्यमा अरू शोधार्थीहरूलाई पनि आपना शोधपत्रका प्रकाशनका निम्ति प्रयास गर्न उत्प्रेरणा प्राप्त हुनेछ र त्यस्तै अन्य संस्थाहरूलाई पनि विश्व विद्यालय भित्र भएका अनुसन्धान परिणामहरूको प्रसार कार्यमा जो सक्दो सहयोग गर्न अभिप्रेरणा उपलब्ध हुनेछ भन्ने विश्वास राख्न सकिन्छ।

अन्त्यमा प्रस्तुतकृतिका शोधकर्ता र शोध प्रकाशक दुवै पक्ष प्रति यस महत्वपूर्ण प्रकाशनका निम्ति म हृदयै देखि साधुवाद प्रकट गर्दछु र व्यक्तिगत तथा संस्थागत दुवैस्तरमा यस किसिमको शोध प्रवृत्तता निरन्तर रूपमा जाग्रत रहिरहोस् भन्ने शुभेच्छा पनि अभिव्यक्त गर्दछु।

—डा. वासुदेव त्रिपाठी
नेपाली शिक्षणसमिति
कीर्तिपुर बहुमुखी क्याम्पस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो भनाइ

नेपाली साहित्यको इतिहासको अध्येता भएको नाताले मैले गोरखापत्रमा सं. १९५८ देखि सं. १९९१ सम्म प्रकाशित भएका साहित्यिक रचनादि ऐतिहासिक महत्वको रहेको ठानेको छु । खास गरीकन यस अवधिका बीचमा नेपाली गद्यतर्फ यस पत्रिकाले गरेको योगदान मूल्यवान् छ । म के ठान्दछु भने–

–नेपाली कथालाई गतिशील स्वरूप प्रदान गर्न र नेपाली कथामा आधुनिकताको बीजारोपण गर्न गोरखापत्रको ऐतिहासिक भूमिका छ; र

–नेपाली निबन्धको स्वरूप निर्धारण गर्न यस पत्रिकाको ठूलो हात छ ।

यसरी नेपाली गद्यका आख्यान तथा आख्यानेतर दुवै क्षेत्रलाई यस पत्रिकाले विकासको टेवा दिएको स्पष्ट देखिन्छ । राणाकालमा समाचारपत्रका रूपमा प्रकाशित भएर पनि यस पत्रिकाले साहित्यिक इतिहासको एक प्रबल पक्षलाई समाल्न सक्नु प्रशंसनीय कुरो हो । यी कुराहरूका बारेमा यस पुस्तकमा लक्ष्मीकान्त पन्थीजीले प्रकाश पार्नु भएको नै छ ।

पन्थीजीले यस पुस्तकमा गर्नु भएको परिश्रम सराहनीय छ । उत्तर -माध्यमिक कालीन नेपाली साहित्यको प्रवृत्तिबारे थाहा पाउन गोरखापत्रमा प्रकाशित भएका रचनादिबाट निकै नै महत लिन सकिने हुँदा साहित्यिक इतिहासमा रुचि हुने पाठकहरूका लागि यो पुस्तक उपयोगी हुने विश्वास गर्दछु। संक्षेपमै भए पनि पन्थीजीले धेरै सम्बद्ध तथ्यहरू यसमा प्रस्तुत गर्नु भएको हुँदा वहाँलाई म धन्यवाद दिन्छु ।

–डा. दयाराम श्रेष्ठ
नेपाली शिक्षण समिति
कीर्तिपुर बहुमुखी क्याम्पस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो कुरो

सातवर्ष अघि नेपालीमा स्नातकोत्तर अध्ययन पूरा गर्दा नेपाली साहित्यमा आधुनिक युग प्रारम्भ हुनु भन्दा पहिलेका साप्ताहिक (संवत् १९५८ देखि १९९१ सम्मका) गोरखापत्रमा प्रकाशित "साहित्यिक विधाहरूको विवरण र वर्गीकरण" शोधपत्रका लागि तयार गरेको थिएँ। उसै वेलादेखि मेरा मनमा आफूले खोजिगरेका साहित्यिक विधाहरूलाई विश्लेषण गरी प्रकाशन गर्ने विचार उदाएको हो। अहिले सोही विचारलाई "नेपाली साहित्यका विकासमा गोरखापत्रको योगदान" का रूपमा नेपाली साहित्यका पाठक समक्ष राख्न पाएकोमा धोको पूरा भए झैं मानेको छु।

यसको प्रकाशनको औचित्यलाई औंल्याउँदै 'मन्तव्य' प्रकट गरिदिनु भएकोमा कीर्तिपुर बहुमुखी क्याम्पस नेपाली शिक्षण समितिका अध्यक्ष प्राध्यापक डा. वासुदेव त्रिपाठीज्यूमा तथा नेपाली साहित्यका विकासमा गोरखापत्रको योगदान मूल्यवान् भएको र यसको ऐतिहासिक एवं महत्वपूर्ण भूमिका रहेको कुरा उल्लेख गर्दै यस पुस्तकको उपयोगिताका बारेमा आफ्नो राय व्यक्त गरिदिनु भएकोमा सह प्राध्यापक डा. दयाराम श्रेष्ठज्यूमा सादर कृतज्ञता प्रकट गर्नु मेरो पहिलो कर्तव्य हो।

गोरखापत्रको इतिहाससंग सम्बद्ध यसको प्रकाशन कार्यमा गोरखापत्र संस्थानको सहयोग नमिलेको भए यसलाई शायद अँध्यारैमा कोच्चिनु पर्ने थियो। यस निम्ति गोरखापत्र संस्थानका भू. पू. अध्यक्ष तथा महाप्रबन्धक श्री भारतदत्त कोइरालाज्यू प्रति कृतज्ञता प्रकट गर्नु पनि पहिलो कर्तव्य संझन्छु।

पाठक वर्गले मेरो हौसला बढाइदिनु भएमा यससंग सम्बद्ध सम्पूर्ण सामग्रीहरू समेत समावेश गरी अर्को संस्करण प्रस्तुत गर्न मलाई अवश्य बल मिल्नेछ। अहिले यसको प्रकाशन कार्यमा प्रेरणा र सहयोग दिनु हुने सबै मित्रहरू प्रति धन्यवाद ज्ञापन गर्दछु।

लक्ष्मीकान्त पन्थी
नेपाली शिक्षणसमिति
अमृत क्याम्पस, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण

मलाई साथमा राखी विद्याभ्यास गराउँदै ।
सधै उत्साहका साथ स्वयं अर्थ बुझाउँदै ।।
जगाउनुभो जसले रुचि साहित्यशास्त्रमा ।
श्रद्धा सुमन सानो छ पिताज्यूमा समर्पण ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

पहिलोखण्डः– गोरखापत्रको प्रकाशन हुनु भन्दा पहिलेको नेपाली साहित्य

१. अभिलेखकालीन गद्य
२. प्रारम्भिक नेपाली साहित्य
३. माध्यमिक नेपाली साहित्य
   (क) कविता
   (ख) नाटक
   (ग) उपन्यास
   (घ) कथा
   (ङ) जीवनी
   (च) लेख, निबन्ध
   (छ) समीक्षा
   (ज) विविध
      (१) यात्रासाहित्य
      (२) दैनिकी

दोस्रोखण्डः– गोरखापत्र र नेपाली साहित्य

१. गोरखापत्र छापिनु भन्दा पहिले यसको व्यवस्था
   (क) गोरखापत्र छाप्नका निम्ति श्री ३ देव शमसेरद्वारा नरदेव मोतीकृष्णलाई दिइएको निर्देशन
   (ख) गोरखापत्र प्रकाशन गर्न सनदबाट निर्णय गरिएका केही अंश
   (ग) गोरखा पत्रिकामा छाप्ने
   (घ) न छाप्ने
२. गोरखापत्रको प्रारम्भ
३. गोरखापत्रको संक्षिप्त इतिहास
४. गोरखापत्र र अरु सामयिक पत्रपत्रिका
   (क) नेपाल बाहिर निस्कने
   (ख) नेपाल भित्र निस्कने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५. गोरखापत्र र तत्कालीन नेपाली भाषा
६. गोरखापत्रमा नेपाली साहित्यका विभिन्न विधा
(क) कविता
(ख) नाटक
(ग) उपन्यास
(घ) कथा
(ङ) जीवनी
(च) लेख, निबन्ध
(छ) समीक्षा
७. निष्कर्ष
८. उपसंहार
९. परिशिष्ट
(क) गोरखापत्रबाट उध्दृत उत्कृष्ट कविता
(ख) गोरखापत्रबाट उध्दृत उत्कृष्ट गद्य
१०. अवशिष्ट
(क) सन्दर्भ ग्रन्थ सूची
(ख) गोरखापत्रका अप्राप्त संख्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो खण्ड

गोरखापत्रको प्रकाशन हुनु भन्दा पहिलेको नेपाली साहित्य

१. अभिलेखकालीन गद्यः–

नेपाली साहित्यको शुभारम्भ नेपाली भाषा नभै हुन सक्ने कुरै होइन । 'पाँचशय वर्ष' को खोजीनीतिले संवत् १३९४ सम्म देखाएको नेपाली भाषाको प्राचीन स्वरूप[१] संवत् १३१२ सम्म पुगेको समाचारले[२] नेपाली भाषा तथा साहित्य प्रेमीहरूलाई अनुसन्धान मुखी बनाएको हो । यसै कार्यमा लगनशील अन्वेषकबाट निरन्तर गरिएको अन्वेषणकार्यले यस भाषाको प्राचीन स्वरूप संवत् १०३८ सम्म पुऱ्याइएको कार्यले[३] पाँच शय वर्षमा बन्धयाइएका सामग्रीहरूलाई अब 'आठ शय वर्ष' बनाइसकेकोछ ।

यसरी जम्मा गरिएका 'आठ शय वर्ष' का दिन गन्दै हेर्ने हो भने नेपाली भाषामा लेखिएको प्राचीन साहित्यक मिर्मिरे संवत् १८०२ भन्दा पछिका 'पृथ्वी साहित्य'[४] तथा उनकै बारेमा लेखिएको सुवानन्ददासको कवितामा बल्ल देख्न पाइन्छ । यसकारण दुल्लूका राजा 'गगनिराज को यात्रा' देखि नयाँ नेपालका

---

१. सं. बालकृष्ण पोखरेल "पाँचशय वर्ष" पृष्ठ ३–४, प्राकाशक–जगदम्बा प्रकाशन, श्री दरबार ललितपुर, पहिलो संस्करण २०२० ।

२. "हुम्लामा अशोक चल्लको ताम्रपत्र प्राप्त" गोरखापत्र वर्ष ७७. अंक ५७, पृष्ठ १ (२०३४ साल असार १७ गते शुक्रवार)

३. "राजा गगनिराजको यात्रा" सं. पूर्णप्रकाश नेपाल 'यात्री' प्रकाशक- त्रि. वि. एशियाली अध्ययन संस्थान, काठमाडौं २०३९

४. "पृथ्वीनारायणको जीवनी, दिव्योपदेश" पाँचशय वर्ष पृष्ठ २२४र२४७। ऐ.ऐ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मदाता श्री ५ पृथ्वीनारायण शाहको उदयसम्म नेपालीभाषामा आचार, विचार, धर्म, कर्म, यात्रा, दान, विन्तिपत्र आदि र औषधिमूलो, स्वास्थ्य, ज्योतिष इत्यादि विषय उल्लेख गरिएका अभिलेख-ताम्रपत्र, कनकपत्र, भूर्जपत्र, शिलालेख हुनाले त्यस वेलाको नेपाली गद्यलाई 'नेपाली साहित्य' भित्र नराखेर नेपाली भाषाको 'अभिलेखकाल' वा 'अभिलेखकालीन गद्य, भन्नु उपयुक्त हुन्छ । अर्को शब्दमा लेख्ने हो भने श्री ५ पृथ्वीनारायण शाहबाट जसरी विभाजित विभिन्न राज्यहरूको एकीकरणद्वारा विशाल नेपाल राष्ट्रको निर्माण भयो त्यसरी नै विभिन्न ठाउँका अभिलेख तथा आचार, विचार, ज्यौतिष, एवं औषधिमूलो, दान, धर्म र यात्रा जस्ता विषयको लेखन वा अंकनमा सीमित रहेको नेपाली भाषामा 'नेपाली साहित्य' को पनि शुभारम्भ हुन्छ ।

२. प्रारम्भिक नेपाली साहित्यः–

हाम्रो प्रारम्भिक नेपाली साहित्यको समय श्री ५ पृथ्वीनारायण शाहको समय (संवत् १८०२) देखि भानुभक्त आचार्यको समय (संवत् १९२५) सम्म हो । यस समयका कृतिहरू प्रायः अनूदित देखिन्छन् । अभिलेखकालीन गद्यको नेपाली भाषा भन्दा प्रारम्भिक नेपाली साहित्यको भाषामा प्रशस्त विशेषता देखिन्छन् । त्यसैले प्रारम्भिक नेपाली साहित्यको अध्ययन गर्दा विकासका लक्षणहरू क्रमशः भेट्टाउन सकिन्छ । प्रेमनिधि पन्तको 'प्रायश्चित प्रदीप', 'पृथ्वीनारायणको दिव्योपदेश तथा जीवनी, शक्तिवल्लभ अर्ज्यालद्वारा लिखित 'जयरत्नाकर तथा हास्यकदम्ब' संस्कृतनाटकका नेपाली अनुवाद र उनकै दुई सिलोक कविता, सुवानन्द दासका 'पृथ्वीनारायण' तथा 'साँढ्याको कवित्त' एवं उदयानन्द अर्ज्याल सुन्दरानन्दबाँडा, रामभद्र पाध्या, गुमानी पन्त, इन्दिरस, वीरशाली पन्त र विद्यारण्यकेशरी अर्ज्याल आदि कविका कविताहरू नै यस कालका साहित्यिक रचना हुन् । समष्टि रूपमा यी कविका कृतिहरूलाई हेर्दा दुई किसिमका प्रवृत्ति देखिन्छन् । तिनमा पहिलो हो-वीरगाथा गाउने प्रवृत्ति र दोस्रो चाहिं भक्तिगाथा गाउने प्रवृत्ति । यिनमा शुरूका केही कविताहरूले वीरपूजा गरेका छन् भने त्यस पछि कृष्ण भक्ति, सन्तकाव्य (निर्गुण भक्ति) तथा राम भक्ति (सगुण भक्ति) सम्मका भक्तिकाव्यहरू रचना गरिएका छन् ।

यस प्रकार श्री ५ पृथ्वी नारायण शाहको समयदेखि आदिकवि भानुभक्त आचार्यको समयसम्म प्रारम्भिक नेपाली साहित्यको रूपरेखा देखा पर्छ । अझ यस समयका अज्ञातनामा कति साहित्यकारहरू छन् र कति अझै पत्ता लाग्दैछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३. माध्यमिक नेपाली साहित्यः–

कवि मोतीराम भट्टको उदय (सं. १९२३) देखि श्री ३ वीर शमशेरको शासनको अन्तिम समय (सं. १९५७) सम्म माध्यमिक नेपाली साहित्यको पूर्वार्ध मान्नु पर्छ । यस समयमा राणा शासनको भयावह परिस्थितिले गर्दा नेपालभित्र साहित्य रचना गर्न सक्ने वातावरण थिएन । त्यसैले प्रवासबाट भए पनि नेपाली साहित्य यसै वेलादेखि विविध विधामा गति बढाउन समर्थ भयो । हुन त तत्कालीन साहित्यिक रचनाहरू प्रायः अनूदित नै देखिन्छन् तथापि यो समयमा मौलिक रचनाहरूले पनि त्यति नै ठाउँ ओगटेका छन् जति ठाउँ अनूदित कृतिहरूले लिएका छन् । यसरी गोरखापत्रको प्रकाशन पूर्व दृष्टि फिराउँदा माध्यमिक नेपाली साहित्यको समयमा आएर मात्र बल्ल आधुनिक नेपाली साहित्यको पूर्वाभास भएको देखिन्छ । अझ विशेष गरी कवि मोतीराम भट्ट तथा उनका समकालीन साहित्यकारहरूले नै साहित्यिक क्षेत्रमा अग्रणी बनेर जीवनी, उपन्यास, नाटक, कथा एवं कविता र लेख निबन्धका साथै समीक्षा-समालोचना जस्ता विभिन्न विधाहरूमा कलम चलाएका छन् ।

अब गोरखापत्रको जन्म हुनु भन्दा पहिलेका यी विधाहरूको परम्परालाई संक्षेपमा देखाउनु यहाँनिर प्रासंगिक हुन आउँछ ।

(क) कविता

प्रारम्भिक नेपाली साहित्यको समय भित्र श्री ५ पृथ्वीनारायण शाहका साथ साथै नेपाल राष्ट्रको उदय भएको ऐतिहासिक कुरालाई ध्यानमा राख्दै नेपाली साहित्यको ऐतिहासिक अनुसन्धान गर्दा बुईंगलकाकुनामा कविता नै फेला पर्छन् । कवि सुवानन्द दासद्वारा लिखित पहिलो कविताको शीर्षकमा नेपाल निर्माता कै नाम रहेको देखिन्छ । विचार गर्दा नेपाल राष्ट्र र नेपाली साहित्यको जन्मकाल एउटै भएको र नेपाली साहित्यले आफ्नो प्रारम्भिक अवस्थामा नेपाल निर्माताको वीरगाथाको वर्णन गरेको पाइन्छ । यसरी नेपाली कविता सर्वप्रथम वीरगाथाको वर्णनबाट प्रारम्भ भएको छ । सुवानन्द भन्दा पछि पनि शक्तिवल्लभ अर्ज्यालले पृथ्वीनारायण शाहको विजय गाथा लेखेका छन् भने उदयानन्दले प्रतापसिंहको प्रशंसा गरेका छन् । यस पछिका नेपाली कवितामा पूर्व भक्तिकाल (कृष्णभक्ति परम्परा) को उदय हुन्छ । यस कालका प्रमुख कविहरू इन्दिरस, विद्यारण्य केशरी, वसन्त शर्मा आदि हुन् । यिनीहरूले भक्तिगाथा गाएका छन् । यिनका भाषामा हिन्दी, अवधी, भोजपुरी र मैथली भाषाको छायासमिस देखिन्छ भने कविताको विषयवस्तु प्रायशः कृष्णभक्ति नै रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसका साथै नेपाली साहित्यमा सन्तकाव्य-धाराको पनि उदय भएको पाइन्छ । कृष्ण भक्ति परम्पराका कवितामा सगुण भक्ति रहेको देखिन्छ । यसको विपरीत सन्तकाव्य धारामा निर्गुण भक्ति पाइन्छ । निर्गुण भक्तिधारा वहाउने सन्तहरू मध्ये प्रमुख सन्त ज्ञानदिलदास, सन्त शशिधर आदि देखिन्छन् । यी सन्तहरू कबीर जस्ता भारतीय सन्तवाट प्रभावित थिए तापनि यिनीहरूको प्रादुर्भाव बिलकुल राष्ट्रिय कारणवाटै भएको देखिन्छ । यी सन्तहरू राजनीतिमा पनि सुछिएका पाइन्छन्, किन भने यिनीहरू समाज सुधारका निम्ति अन्ध विश्वास तथा जाति प्रथा तोड्न देखापरेका थिए । त्यसैले यिनीहरूका रचना नेपाली माटोकै उपज हुन् भन्न सकिन्छ । सन्त काव्यको भाषा धेरै जसो सधुक्कडी नै भए पनि यसमा जुन नेपाली पन पाइन्छ । त्यो कृष्ण काव्य जस्तो जुठिएको चाहिं छैन ।

यस पछि नेपाली कविता साहित्यमा उत्तर भक्तिकाल (राम भक्ति परम्परा) को उदय हुन्छ । कवितामा रामको भक्ति गाथा गाउने काम रघुनाथ पोख्यालवाटै प्रारम्भ भएको हो तथापि यस कालका प्रमुख र विशुद्ध नेपाली भाषाका प्रवर्तक कवि भानुभक्त आचार्य नै हुन् । यिनले सरल, सरस तथा जीवन्त नेपाली भाषामा सिंगो अध्यात्मरामायण पद्यानुवाद गरी नेपाली साहित्यलाई अमूल्य रत्नका रूपमा दिए । यस अतिरिक्त यिनले नेपाली कवितामा मौलिकताको पनि प्रयोग गरेर देखाए । यिनी भन्दा पहिले रघुनाथ वाहेक अरूमा नेपाली राष्ट्रियताको झल्को देखिंदैन । रघुनाथ पछिका कविहरूमध्ये भानुभक्त आचार्यमा राष्ट्रियताको मात्रा प्रचुर देखिन्छ । भानुभक्तले नेपाली भाषामा मौलिक योगदान दिए । यिनका कविताको प्रयोगमा नेपाली पन छ, नेपाली शैली छ । यिनको रामायणमा नेपाली समाजको चित्र राम्ररी खिचिएको छ, किन भने अनूदित भए पनि रामायणमा मौलिकताको पूर्ण आभास झल्किन्छ । भानुभक्तीय रामायणको सीता नेपाली समाजमा जन्मेकी नेपाली छोरी हुन् जस्तो देखिन्छिन्[1] । लङ्कामा सीतालाई देखेका र भेटेर फर्केका हनुमानले बयान गर्दा भानुभक्तले उनलाई 'कपाल कोर्न न पाएकी, केश छितरिएकी, भोकी, मैली र निन्याउरी, भएकी सम्झन्छन्' । यस्ता चित्र खिच्न सक्नु भानुभक्तको मौलिकता र विशेषता पनि हो ।

भानुभक्तले नेपाली समाजमा रामभक्ति काव्यको परम्परा चलाउँछन् र यसमा उनले सफलता पनि पाउँछन् । कृष्ण चरित्रमा व्यावहारिकता तथा रणकुशलता बढी देखिन्छ भने राम चरित्रमा आदर्श,गुण,त्याग, प्रेम र कर्तव्यको प्राचुर्य देखिन्छ । त्यस वेलाको समाजमा रामका जस्ता गुण र आदर्शको ठूलो खाँचो थियो । भानुभक्तले नेपाली काव्यमा राम भक्तिलाई अघि सारे र यो खाँचो पूरा पनिगरे ।

---

१. भानुभक्तको रामायण' (विविध पाठयुक्त तथा परिशोधित संस्करण) द्वितीय संस्करण, सम्पादक–सूर्यविक्रम ज्ञवाली–नेपाली साहित्य सम्मेलन, दार्जिलिङ पृष्ठ १४० र १६८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामायण बाहेक यिनका अरू लघु कृतिहरू पनि छन् । यसैले नेपाली 'आदिकवि भानुभक्त सफल अनुवादक मात्र नभएर कुशल एवं सचेत मौलिक कवि पनि हुन् र नेपाली साहित्यकाशका एक तेजिला तारा हुन् ।

भानुभक्त आचार्य पछि नेपाली कविता साहित्यमा पतञ्जलि गजुर्याालको पालो आउँछ । रामभक्तिको परम्परा बसिसकेको भए पनि यिनले एकोहोरो भक्ति-मा क्रान्ति गरेका छन् । 'बालगोपालवाणी, हरिभक्तमाला, मत्स्येन्द्रनाथको कथा, उत्तरगया, तीर्थावली र बोक्सी चरित्र, जस्ता रचनाबाट यिनी कट्टर साम्प्रदायिक भक्तिवादी थिएनन् भन्ने देखिन्छ । यिनमा सर्वदेव समन्वयवादी भक्ति भएको बुझिन्छ । किन भने कृष्णभक्ति, हरिभक्ति तथा स्थानीय देवी देवताको भक्तिलाई उपर्युक्त कृतिहरूले समान रूपमा प्रमाणित गर्छन् । यसका साथै 'उत्तरगया' ले गोकर्ण तीर्थको महात्म्य बताउँछ भने 'बोक्सी चरित्र' ले चाखलाग्दो कथा सुनाउँछ । समष्टि रूपमा मोतीराम युगको पूर्वाभास पतञ्जलि गजुर्याालका कृतिहरूमा देखिन्छ ।

यस पछि नेपाली साहित्यमा माध्यमिक कालको रेखा कोरिन्छ । यस कालमा सर्वप्रथम मोतीराम भट्टको प्रादुर्भाव हुन्छ । त्यसैले नेपाली साहित्यको यस युगलाई 'मोतीराम युग' पनि भनिन्छ । मोतीराम विनोदी थिए, रसिक थिए । बनारसमा बस्दा यिनले सर्वप्रथम 'रत्नावली' 'प्रिदर्शिका' जस्ता नाटकको संस्कृत-बाट नेपालीमा अनुवाद गरे । भानुभक्त आचार्यको जीवनी लेखी प्रकाशित गरेर समाजमा छिपेका भानुलाई देखाउने काम मात्र गरेनन् अपितु जीवनी साहित्य लेखनमा पनि जाँगर देखाए । यिनी खाँटी नाटकका अनुवादक तथा जीवनीकार मात्र थिएनन् । यस अतिरिक्त यिनले नेपाली भाषामा गजल र कविताहरू पनि लेखेका छन् । युवावस्थाको पहिलो खुट्किलोमा उफ्लिनासाथ सरल नेपालीमा मीठा रसिला चुट्किलाहरू लेख्दै आफ्ना अरू साथीहरूलाई पनि समस्यापूर्तिका माध्यम-बाट कविता लेखन सिकाए । यिनी सहजै संग नेपालीमा कविता लेखन सक्थे । कवितामा चिठीपत्र लेख्थे । भानुभक्तको रामायण सातैकाण्ड खोजेर प्रकाशित समेत गरिदिए । मोतीराम भट्टको यो ज्यादै स्तुत्य र प्रशंसनीय कार्यले भानुभक्तमात्र होइन सम्पूर्ण नेपाली समाज नै कृतार्थ भएको छ ।

मोतीराम भट्ट द्वारा लिखित फुटकर कविताको परिशीलन गर्दा थाहा हुन्छ-यिनी नेपाली साहित्यका अगुवा हुन् । यिनको समयमा नेपाली कविताले परम्परागत भक्तिधारालाई तोडेर शृङ्गारिक बाटो लिएको छ । त्यसैले मोतीराम भट्ट नेपाली साहित्याकाशमा देदीप्यमान सूर्य जस्तै छन् किनभने यिनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफु भन्दा उत्तरवर्ती कविहरूलाई उज्यालो देखाएका मात्र होइनन् राम्रो बाटो बताए, त्यस बाटोमा हिंडाए र ठूलो गुन लगाए । अत एव मोतीराम पछिका नेपाली कविहरूले जस्तो सुकै काम गरे पनि यिनले लगाएको ऋण तिर्न बाँकी नै रहन्छ ।

यिनले तत्कालीन राणा शासक वीर शमशेरका पालामा 'पाशुपत मुद्रणालय' नेपालमा ल्याएर पहिलो छापाखाना चलाएका हुन् । मोतीरामका समकालीन कविहरू विहारीलाल,छविलाल, पतञ्जलि गजुर्याल, राजीवलोचन जोशी, पद्मविलास पन्त, लक्ष्मीदत्त पन्त, नरदेव पाण्डे, भोज राज, गोपीनाथ लोहनी, तीर्थराज पाण्डे, शिखरनाथ सुवेदी आदि हुन् । यी कविहरूको पनि नेपाली साहित्यमा महत्वपूर्ण स्थान रहेको देखिन्छ ।

मोतीराम भट्ट पछि माध्यमिक नेपाली साहित्यमा उदाएका एक अर्का सरल तथा सहज कवि शम्भुप्रसाद ढुङ्गेल हुन् । यिनले कालिदासको शाकुन्तल नाटकलाई छायावाद गरिदिएर नेपाली साहित्यलाई धनी बनाउनमा ठूलो काम गरे । पछि यिननलाई सरकारबाट आशुकविको सम्मान पनि प्राप्त भयो । त्यसैले शम्भुप्रसाद ढुङ्गेल नेपाली साहित्यको विकासमा ठूलो योगदान दिने कवि हुन् र एक चम्किला तारा हुन् ।

(ख) नाटक

नेपालीमा नाटक लेखिनु भन्दा पहिले नेपाली नाटच परम्परामा हिन्दी, ऊर्दू, फारसी आदि भाषामा लेखिएका नाटकहरूको अभिनय गरिन्थ्यो र यस्ता नाटकलाई 'थिएटर' भनिन्थ्यो । रङ्गमञ्चमा नाटकका माध्यमले एतिहासिक, सामाजिक आदि विभिन्न गतिविधिहरूलाई अभिनयद्वारा समाजमा देखाइने भएकाले 'नाटक' एक व्यावहारिक साहित्य हो । नाटक त्यस्तो दृश्यकाव्य हो जसलाई अपठित समाजले रङ्गमञ्चमा अध्ययन गर्न सक्छ र यसबाट विनोद (साहित्यिक आनन्द) पनि पाउन सक्छ । साहित्यको यस्तो महत्वपूर्ण विधा नाटक नेपाली समाजका लागि नेपाली भाषामा नहुनु ज्यादै दुःखको कुरा थियो । यो अभाव र आवश्यकतालाई मोतीराम भट्टले बुझेका थिए । साथै समाजलाई छिटो र सजिलै चेतना दिन सक्ने माध्यम नाटक नै हुन्छ भन्ने र नेपाली भाषामा नाटक लेख्न ज्यादै आवश्यक छ भन्ने कुरा पनि मोतीराम ठहऱ्याएका थिए । यसैले मोतीरामले संस्कृत नाटकलाई नेपालीमा अनुवाद गरेका हुन् । यस कार्यबाट नेपालमा हिन्दी, ऊर्दू, आदि भाषामा लेखिएका थिएटरहरूको परम्परा तोड्नमा मोतीराम भट्टको ठूलो भूमिका रहेको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोतीराम भट्टको जीवनीको अध्ययनबाट उनी विनोदी तथा रसिक थिए भन्ने थाहा हुन्छ । बनारसमा बसेर पढ्दा भारतेन्दु हरिश्चन्द्र जस्ता सशक्त एवं सचेत साहित्यिकहरूको सत्सङ्गबाट मोतीराममा साहित्यिक रसको सञ्चार भएको थियो । बनारसमा बस्दा मोतीरामले 'प्रियदर्शिका र रत्नावली' नाटकहरूको संस्कृत-बाट नेपालीमा अनुवाद गरे । त्यसका अतिरिक्त गजेन्द्र मोक्ष, प्रह्लाद भक्तिकथा, उषा चरित्र, मनोद्वेग प्रवाह, पञ्चक प्रपञ्च, तीजको कथा, कविसमूह वर्णन, भ्रमर गीत, कमल भ्रमर संवाद, पिकदूत आदि कविताहरू पनि रचना गरेका थिए । यसरी संस्कृत नाटकलाई नेपालीमा अनुवाद गरी साहित्यिक रंग दिएर प्रस्तुत गर्ने पहिलो श्रेय मोतीरामलाई नै छ ।

यसरी नेपाली नाटक क्षेत्रमा त्यस वेला देखिएको अभाव र आवश्यकता पूर्ति गर्ने श्रेय मोतीराम भट्टले पाउँछन् भने कालिदासको शाकुन्तल नाटकलाई सरल नेपालीमा अनुवाद गरिदिएर आधुनिक नेपाली नाटकका प्रयोक्ताहरूलाई शम्भु प्रसादले बाटो देखाउँछन् । यस प्रकार नेपाली नाटकको परम्पराको विकासमा संस्कृत नाटकको ठूलो योगदान रहेको देखिन्छ । यो परम्परामा मोतीराम भट्टद्वारा लेखिएको नाटकको रूप शम्भुप्रसाद ढुङ्गेलका नाटकमा केही विकसित भएको देखिन्छ ।

यस किसिमले गोरखापत्रको जन्म हुनु भन्दा पहिलेको नेपाली साहित्यमा दृष्टि फिराउँदा नेपाली नाटकको परम्परा नेपाली साहित्यको माध्यमिककालदेखि शुरूभएको पाइन्छ । नेपालीमा पनि नाटक लेखिन सक्छ भन्ने कुरा मोतीराम भट्टले बताउँछन् र यो नौलो बाटोमा शम्भुप्रसाद ढुङ्गेल मात्र हिंडेका देखिन्छन् ।

(ग) उपन्यासः–

'उपन्यास' भन्ने शब्द देख्ना साथ वा सुन्नासाथ हाम्रो मनमा लामा र घट-नात्मक कुराहरू खेल्न लाग्छन् । हुन पनि अमरकोषका अनुसार 'उपन्यासस्तु वाङ्-मुखम्' भनेर उपन्यासको अर्को नाम वाङ्मुख भनिएको छ । वाङ्मुख भनेको कुरा झिक्नु हो । यसैले उपन्यास जीवनको सिंगो र पूर्ण चित्र हो भन्न सकिन्छ । नेपाली भाषामा लेखिएका उपन्यासको पूर्वरूपलाई हेर्न खोज्ने हो भने शक्तिवल्लभ अर्ज्यालको हास्यकदम्ब र भानुदत्तको 'हितोपदेश मित्रलाभ' तथा सुन्दरानन्द बाँडाको रामा-यण गद्य कृतिहरू मात्र देखापर्छन् तापनि नेपाली साहित्यमा उपन्यासको थालनी माध्यमिक कालदेखि नै भएको छ । यो समयमा लेखिएका उपन्यासका स्रोतलाई विचार गर्दा दुइ किसिमबाट लेख्ने चलन चल्दै आएको बुझिन्छ । ती हुन् (१) संस्कृ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तका आख्यान, उपाख्यान र प्रेमाख्यानबाट अनुवाद गरिएका उपन्यासहरू तथा (२) फारसी र ऊर्दूका जासूसी, तिलस्मीकथाबाट अनुवाद गरिएका उपन्यासहरू। कति उपन्यासहरू यस्तालाई आधार मानेर मौलिक पनि लेखिएका छन्। यही क्रममा हरिकृष्ण रचित शिवदत्त शर्मा अनूदित भनिएको 'वीरसिक्का' संवत् १९४६ तिर सर्वप्रथम नेपालीमा लेखिएको छ। यसमा औपन्यासिक सबै गुण नभए पनि केही झिल्काहरू पाउन सकिन्छ। यसै गरी गिरीशवल्लभ जोशीद्वारा संवत् १९५६ तिर लेखिएको 'वीरचरित्र'मा उपन्यासका धेरै लक्षणहरू भेटिन्छन्। त्यसैले पहिलो उपन्यास भन्ने संज्ञा वीरचरित्रलाई दिन सकिन्छ। यस्तै किसिमले उपन्यासको क्षेत्र भित्र पर्ने संस्कृतका आख्यान, उपाख्यान, प्रेमाख्यान आदि संवादात्मक पुस्तकहरूबाट नेपालीमा अनुवाद गरिएका कृतिहरू यी हुन्:– प्रेमसागर, नलोपाख्यान, वेताल पच्चिसी, शुक बहत्तरी, विदुला पुत्र संवाद (हरिहर आदि) गायक चरित्र (पं. रामप्रसाद सत्याल) महासती अनसूया (ऐ. ऐ.) इत्यादि। उक्त रचनाहरू मध्ये एक, दुई, बाहेक अन्य रचनाकार अज्ञात छन्। यिनलाई उपन्यास त भन्न मिल्दैन तथापि उपन्यासको संज्ञना गराउने लामा लामा कथाहरू यिनमा छन्। यसै गरी फारसी र ऊर्दू भाषाका जासूसी र तिलस्मी उपन्यासबाट अनुवाद गरेर एवं यिनलाई आधार बनाएर पनि नेपालीमा केही औपन्यासिक पुस्तकहरू लेखिएका छन्।

त्यस बेला 'उपन्यास तरङ्गिणी' र 'उपन्यास' नामका सदाशिव शर्माद्वारा सम्पादित दुई औपन्यासिक पत्रिकाका माध्यमबाट पाँचवटा उपन्यासहरू प्रकाशित भएका छन्। जुन मध्ये दुई वटा अनूदित नै हुन्। सदाशिव शर्माद्वारा लेखिएको उपन्यास 'महेन्द्र प्रभा' १९५९ मा र गिरीशवल्लभ जोशीको 'वीरचरित्र' उपन्यास १९६० मा प्रकाशित भए तापनि गोरखापत्रको प्रकाशन हुनु भन्दा पहिले लेखिएका यी दुई पुस्तकमा जेठो कान्छोको कुरालाई लिएर केही समालोचकहरू बीच विवाद पनि उठेको छ। यो विवादले जुनलाई जेठो ठह्याए पनि गोरखापत्रका अग्रज उपयुक्त उपन्यासहरूमा नेपाली पन छ, नेपाली रंग छ। अझ गिरीशवल्लभ जोशीको 'वीरचरित्र' मा नेपालको चित्र खिचिएको छ, नेपाली समाज झल्किएको छ। यसका अतिरिक्त यस उपन्यासमा रागाशासनको चित्रण गरिनु तथा पश्चिमाञ्चल क्षेत्रका बाग्लुङ, रिडी, स्याङजा, पोखरा आदि स्थानहरूको उल्लेख हुनु र तत्कालीन सामाजिक परिवेशमा उपन्यासका नायक अग्निदत्त न्याय, विवेक र क्रान्तिको प्रतीक बनेर देखा पर्नु यस उपन्यासका आफ्नै महत्वपूर्ण विशेषताहरू छन्। 'वीरचरित्र' उपन्यासका सम्बन्धमा तलका दुई समालोचकहरूको भनाईबाट पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यही कुराको पुष्टि भएको छ । समालोचक कृष्णचन्द्र सिंहको विचार यस्तो छः–

"तिलस्मी भएर पनि यथार्थ, काल्पनिक भएर पनि सत्य, चमत्कारिक भएर पनि वास्तविक बोली, रहस्यमय पहेली जस्ता अनौठा घटनाहरूले भरिएर पनि परिस्थिति सापेक्ष यो वीरचरित्र आफैमा एक तिलस्मी हो-प्रतीकात्मक चित्र।" यसपछि ताना शर्माको भनाई यस्तो छः– "....झर्रा नेपाली नाउँ भएका पात्रहरू पश्चिम नेपाल क्षेत्रमा देखाइएकाले तथा वैज्ञानिक ज्ञान र इन्द्रजालको राम्रो मिश्रण गरेर कल्पना शक्तिको अद्भूत प्रतिभा देखाइएकाले यो उपन्यास मोतीराम युगको निकै महत्त्वपूर्ण कृति हुन सकेको हो ।"

(घ) कथाः–

नेपाली साहित्यको श्रव्यकाव्य वा गद्यकाव्य भित्र पर्ने कथाको रूप आज ज्यादै छोटो भैसकेको छ । उपन्यासमा जीवनको सिंगो चित्र देख्न सकिन्छ भने कथामा चाहिं जीवनको छोटो चित्र वा एक अंश मात्र । अझ कथाको आधुनिक रूप त यति छोटो भै सकेको छ जो एक निमेषमा खिचिएको फोटोभित्रै देख्न सकिन्छ । महाकवि लक्ष्मी प्रसाद देवकोटाले कथाको परिभाषा गर्दै "कथा त्यो सानो आँखी झ्याल हो जसबाट संसारको सानो भाग मात्र चियाउन सकिन्छ" भन्नु भएकोछ ।

आज कथाको रूप यसरी छोटिए तापनि यसको परम्परा र पृष्ठभूमिको खोजी गर्दै जाने हो भने हामीलाई उनै संस्कृतका आख्यान, उपाख्यान, प्रेमाख्यान र आख्यायिकासम्म पुग्नुपर्छ । त्यसैले नै नेपाली कथाको परम्परा र विकास पनि पूर्वीय परम्परामा नै हुर्केको पाइन्छ । आख्यान त्यस्तो परम्परा प्राप्त कथा हो जसलाई लेखिरहन आवश्यक पर्दैन । यसरी कर्ण परम्पराका आधारमा थोरै सत्य र धेरै कल्पना मिसिएर परम्परागतरूपमा चल्दै आएको आख्यायिका नै लोककथा-को पूर्वरूप हो । यही पूर्वरूपलाई आधार मानेर लेखिएको वैयक्तिक-सिर्जना कथा हुन लाग्यो । अनि यथार्थ थोरै र कल्पना धेरै हुनु चाहिं कथाको लक्षण बन्यो । यसैले होला नेपाली साहित्यको माध्यमिककालका धेरैजसो कथाहरूमा वास्त-विकता थोरै र कल्पना धेरै भएको पाइन्छ ।

संस्कृत साहित्यमा आख्यानको वर्गीकरण पाँच भागमा[१] गरिएको छ । यी पाँचै भाग माध्यमिककालमा लेखिएका नेपाली कथाका स्रोत र परम्परा बनेका छन् । यी मध्ये आजका कथाको विकसित वा आधुनिक रूप खण्डकथा हो जसलाई छोटो कथाको संज्ञा दिइएको छ । बाण भट्टको 'कादम्बरी' अथवा 'वीरसिक्का'लाई

१. (क) खण्डकथा (ख) कथा (ग) आख्यायिका (घ) परीकथा (ङ) कथालिका ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कथाका उदाहरण मात्र सकिन्छ । अमरकोषमा 'प्रबन्धकल्पना कथा' भनेर कथाको परिभाषा गरेको पाइन्छ । यस्ता कथाको मूल उद्देश्य पाठकको मनलाई आनन्दित र प्रफुल्लित तुल्याउन सक्नु हो । त्यसैले कथा रसमय र कौतूकमय हुन्छ । बाण भट्टले त कथालाई रसमयी र कौतूकमयी नववधूसंग दाँजेका छन् ।[1] त्यस्तै बाण भट्टको 'हर्ष चरित' र दण्डीको 'दशकुमार चरित' यी दुवै आख्यायिका हुन्, जसलाई हामी 'उपन्यास' भन्ने गर्छौं । मानवेतर पात्रका माध्यमबाट मानव स्वभावको विश्लेषण भएको परीकथा हो । यसको रूप 'पञ्चतन्त्र' वा 'इसपका नीतिकथा' मा देख्न पाइन्छ । त्यस्तै कथालिकाका उदाहरण 'अल्फलैला' वा सहस्ररजनी' लाई मान्नु पर्छ । यसमा असंभाव्य घटनाले स्थान पाएको हुन्छ । कथाको लंगूर निकै लामो हुन्छ वा धेरै दिनसम्म टुंगिदैन । उपर्युक्त प्रभाव र स्रोतको परम्परामा लेखिएका नेपाली कथाका केही पुस्तकहरू यस प्रकार छन्:–

हितोपदेश मित्र लाभ,
नलोपाख्यान,
वेताल पच्चिसी,
शुकबहत्तरी,
सिंहासन बत्तिसी,
अवोला मैयाँको कथा,
लालहीराको कथा,
मधुमालतीको कथा,
तोतासैनाको कथा,
हात्तीमताइको कथा,
गुलबकावली आदि ।

यसरी हेर्दा माध्यमिककालको नेपाली साहित्य कथा विधामा धेरै सम्पन्न देखिन्छ । यस समयका उपर्युक्त कथाहरूमा मनोरञ्जन धेरै पाइन्छ । त्यसैले नेपाली साहित्यको माध्यमिककालका कथा ज्यादै लोकप्रिय पनि थिए ।

(ङ) जीवनी:–

जीवनी साहित्यको महत्त्वपूर्ण विधा हो । यो गद्यमा र पद्यमा पनि लेखिन सक्छ । गोरखापत्रको प्रकाशन पूर्व जीवनी विधाले गद्यमा नै आफ्नो अस्तित्व कायम राखेको छ। माध्यमिक नेपाली साहित्यको समयभन्दा अघिदेखि नै प्रारम्भिक नेपाली साहित्यमा पनि जीवनी विधाले महत्त्वपूर्ण स्थान ओगटेर विशिष्ट भूमिका

१. स्फुरत्कलालापविलासकोमला करोति रागं हृदि कौतुकाधिकम् ।
रसेनशय्यांस्वयमभ्युवागता कथा जनस्याभिनवा वधूरिव ।
–महाकवि वाणभट्ट "कादम्बरी" कथामुख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खेलेको देखिन्छ । यस समयमा लेखिएका "राम शाहको जीवनी र पृथ्वीनारायण शाहको जीवनी" द्वारा जीवनीकारहरूले पाठकहरूलाई साहित्यिक आनन्द मात्र होइन अपितु (ऐतिहासिक महापुरुषहरूका जीवनीलाई नेपाली साहित्यमा समावेश गरेर) प्रेरणा र प्रोत्साहन पनि दिएका थिए । उक्त दुवै जीवनीका कलाकार–जीवनीकारहरूको नाम थाहा पाउन नसकिए तापनि (जीवनीमा हुनु पर्ने तत्त्व सहित) विशुद्ध साहित्यिक गुणले भरिभराउ भएका उक्त जीवनीहरूले आफ्नो गठनको सौन्दर्य तथा लालित्यमा एक अर्कासंग प्रतियोगिता गरेका हुन् कि झैं लाग्दछ । जे होस्, यी दुवै जीवनीमा देखा पर्ने उपमा, लाक्षणिकता, अभिव्यञ्जना र माधुर्यले गर्दा जीवनीका पाठकहरूलाई झन् पछि झन् कौतूहल उत्पन्न हुन्छ ।

माध्यमिक नेपाली साहित्यको समयमा युवक कवि तथा जीवनीकार मोतीराम भट्टले "भानुभक्त आचार्यको जीवन चरित्र (१९४८)" लेखिदिएकाले नेपाली साहित्यमा जीवनी विधाले आफ्नो (पृष्ठभूमि कायम राख्दै) परम्परा बढाउन सफलता पाएको देखिन्छ । मोतीरामले भानुभक्तको जीवन चरित्र लेख्नुको मुख्य उद्देश्य उनको साहित्यिक जीवनलाई चिनाउनु हो । जीवनीमा जीवनीकार मोतीराम भट्टले कलातत्त्व मात्र होइन कल्पनातत्त्व पनि समावेश गरेका छन् । अझ यति मात्र नभएर मोतीरामले भानुभक्तको जीवन चरित्रलाई आत्मप्रकाशनको माध्यम पनि बनाएको अनुभव हुन्छ, किनभने मोतीराम भट्ट कवि र जीवनीकार मात्र नभएर पहिला आलोचक पनि हुन् । यसैले भट्टले आलोचनात्मक गुणद्वारा कलात्मक शैलीमा नेपाली साहित्यलाई "भानुभक्त आचार्यको जीवन चरित्र" दिएका छन् । त्यसैले यो एक जीवन चरित्र मात्र नभएर यसमा आलोचनात्मक गुण समेत भएकाले नेपाली साहित्यमा यसले अझ महत्त्वपूर्ण स्थान लिएको छ ।

(च) लेख, निबन्धः–

लेख, निबन्ध, प्रबन्ध तथा यिनका विविध रूपहरू पर्यायवाचीहुन् । यी सबै गद्य साहित्यभित्र पर्दछन् । "गद्य साहित्य" भन्नासाथ यसभित्र दुई कुरा भएको बुझिन्छ । ती हुन्- गद्य र साहित्य । साधारण लेखाइ गद्य मात्र हो भने साहित्यिक लेखाइलाई उपर्युक्त रचनाभित्र राख्न सकिन्छ । लेखाइ भन्नासाथ कुनै न कुनै विषयमा केन्द्रित भएर लेखिने गद्यात्मक हो भन्ने अड्कल त झ्वास्सै गर्न सकिन्छ तर लामो कथा जस्तो लेखाइलाई भने उक्त रचनाभित्र स्थान दिइएको छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्कृतमा "साहित्यिक गद्य कविहरूको पनि कसौटी हुन्छ"[१] भनिएको हुँदा पद्य साहित्यतर्फ हात चलाउन सक्ने सचेत साहित्यिक लेखकलाई पनि 'गद्य साहित्य' लेख्न निकै गाह्रो पर्ने रहेछ भन्ने कुरा सजिसँसंग बुझिन्छ । यसैकारण लेख, निबन्ध तथा प्रबन्ध इत्यादि रचना गर्न लेखक, निबन्धकार तथा प्रबन्धकारलाई विशेष चेतना र विशेष प्रतिभाको खाँचो पर्ने कुरा विर्सन हुँदैन । यस विना लेखिएको गद्यमा साहित्यिकता त कता जान्छ कता, त्यो खालि लेखाइ मात्र हुन जान्छ । यस्तो लेखाइ (भाव प्रकाशन) लेख्न लेखकलाई स्वतन्त्रता चाहिन्छ नत्र उसले लेख, निबन्धको सिर्जना गर्न सक्दैन । यस सम्बन्धमा प्रसिद्ध समालोचक डा. ईश्वर बरालको यो भनाइ निकै चित्तबुझ्दो छ । उहाँ लेख्नुहुन्छः–

"आफ्ना मनमा गडेका भावलाई, आफ्ना व्यक्ति सत्ताका मर्यादालाई, आफ्ना अदमनीय अहन्तालाई अरूले पनि बुझ्न सकुन् भन्ने छट्पटीले ऊ आत्मीय हुन चाही निबन्ध लेख्छ तापनि आफ्ना अहन्तामा मात्र लिप्त नभैकन पराइकाप्रति पनि निष्ठा राखी विचार–प्रतिपादन समेत गर्छ । त्यसो हुनाले निबन्धकारका निम्ति विचारलाई प्रकट गर्ने पूर्ण स्वतन्त्रता सबभन्दा आवश्यक वस्तु हुने नै भयो । यस प्रकारको स्वतन्त्रता नभए निबन्धकार फस्टाउन पाउँदैन । मानिस व्यक्ति र समाज, आफू र पराइ, आन्तरिक संघर्ष र बाह्य संघर्षबारे टीकाटिप्पणी गरिरहन्छ तर परिस्थिति आफ्ना मनका भावको प्रकाशन हुन नदिने अनुदार-तन्त्रजन्य भयो भने निबन्धकार ठहरै मर्छ । त्यसो हुनाले उसलाई सबभन्दा बढी चाहिएको हो– भावप्रकाशन औ विचार प्रतिपादनका लागि अनुकूल परिस्थिति..."[२]

यही अनुकूल परिस्थितिको अभावले गर्दा नेपालमा गोरखापत्रको प्रकाशन हुनुभन्दा पहिले नेपाली साहित्यमा लेख, निबन्ध जस्ता साहित्यका महत्त्वपूर्ण विधाको अभाव हुन गएको हो । तत्कालीन अनुदार राणातन्त्रले नेपाली जनतामा चेतनाको जागरण हुनु आफ्नो निमित्त घातक सम्झन्थ्यो । चेतनशील नेपाली पनि लेख्न तथा बोल्न पाउँदैनथ्यो । अलिकति मात्र टीकाटिप्पणी गरेको थाहा पाउनासाथ देश छोडी बाहिर धपिनु पर्ने भयंकर त्रासले गर्दा शिक्षित वर्गले पनि मौन धारण गर्नु नै अभीष्ट हुन्थ्यो । यसैले गर्दा नेपालमा वीर शमशेरको क्रूर, कठोर शासनको अन्त्य र प्रजातान्त्रिक विचारधारा भएका देवशमशेरको उदयपछि मात्र जन्म पाएको गोरखापत्रले नेपाली शिक्षित समाजमा चेतनाको संचार गर्दछ ।

---

१. गद्यं कवीनां निकषं वदन्ति ।

२. भूमिका 'सयपत्री' सं. डा. ईश्वर बराल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि मात्र नेपालमा लेख, निबन्धका अनुहारहरू पातलै भए पनि लेखिन्छन्, देखिन्छन् र पढिन्छन् ।

(छ) समीक्षाः–

'समीक्षा' को शाब्दिक अर्थ हुन्छ– संपरीक्षण वा राम्ररी हेरविचार गरी त्यसको गुण दोष केलाउनु । आजभोलि समीक्षाका पर्यायवाची शब्दहरू आलोचना, समालोचना, प्रत्यालोचना, पर्यालोचना, विवेचना, अवलोकन, सिंहावलोकन, विहंगावलोकन र टिप्पणी आदि प्रयोग गरिन्छन् । जुनसुकै शब्दको प्रयोग गरे पनि यसको विषय चार्हि विभिन्न परिस्थितिमा समीक्षा गर्नु नै हो ।

गोरखापत्रको प्रकाशन पूर्व नेपाली साहित्य भर्खर ताते गर्न लागेको बाल्यावस्थामा थियो । त्यसवेलाको नेपाली समाजले यसको तोते बोली मात्र सुन्न सक्थ्यो । शिक्षित समाजको ज्यादै अभाव थियो । जो थियो त्यसमा पनि राम्रो चेतना भरिन पाउँदैनथ्यो । तैपनि मोतीराम कालमा जे जति आवाज सुनिन्थ्यो त्यसलाई आजको अपेक्षा बालचपलता अथवा तोते बोली मात्र भन्नुपर्छ । जुन बेला मौलिक लेख, निबन्ध लेख्नसम्म सकिंदैन त्यसवेला अरुका रचना उपर समीक्षा गरी आफ्नो दृष्टिकोण समेत प्रस्तुत गर्नु त निकै गाह्रो कुरा हुन्छ । त्यसैले यो विधा पनि तत्कालीन नेपाली साहित्यमा देखा पर्न सकेको छैन । धेरैसम्म यसले गर्भवासमा नै कष्ट सहेर बसिरहनु पऱ्यो । हुन त मोतीराम भट्टले भानुभक्ताचार्यको जीवन चरित्रमा आफ्ना केही समीक्षात्मक दृष्टिकोण प्रस्तुत गरेका छन् तर यसको नाम समीक्षा थिएन । समीक्षाको वास्तविक स्वरूप नेपाली साहित्यको आधुनिककालमा मात्र देखापर्दछ ।

(ज) विविधः–

गोरखापत्र पूर्व अरु पनि विविध रचनाहरू देखिन्छन् । यिनको अध्ययन पनि विविध दृष्टिबाट नै गर्नु पर्दछ । यस्ता विविध रचनाहरू आचार, विचार, ज्यौतिष र औषधि मूलो आदि हुन् । यिनको परम्परा विचार गर्ने हो भने अभिलेखकालीन गद्य युगदेखि नै आएको भेटिन्छ ।

(१) यात्रा साहित्य– प्रारम्भिक नेपाली साहित्यमा यस्ता विविध रचनाहरूको विकास सन्तोषजनकरूपमा भएको छ । यसमा अझ विशेष स्थान यात्रा साहित्यको छ । साहित्यका मुख्य विधा मध्ये यात्रा साहित्यलाई निबन्ध विधामा दर्न सकिन्छ । जंगबहादुरको बेलायत यात्रापछि नेपाली साहित्यमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जंगबहादुरको बेलायत यात्रा– भन्ने पुस्तक लेखिन्छ । बेलायतसम्म पुग्दा बाटामा पर्ने ठाउँहरू, बेलायतको राजधानी लण्डन शहर, फ्रान्सको राजधानी पेरिस आदि ठाउँहरूको वर्णन भएका यात्रा विवरणले भरिभराउ भएको "जंगबहादुरको बेलायत यात्रा" ले नेपाली साहित्यमा विशेष ठाउँ ओगटेको छ ।

(२) दैनिकी– दैनिक गतिविधि अथवा विशेष घटनाहरूको संकलन (टिपोट) लाई दैनिकी वा दैनन्दिनी भनिन्छ । नेपाली साहित्यमा "बत्तीस सालको रोजनाम्चा" ले दैनिक घटनाहरूको विवरणलाई साहित्यको विवरण भित्र ल्यायो । यसभन्दा अघि नेपालीमा "ठ्यासफू" लेख्ने परम्परा थियो, जसमा ऐतिहासिक तथा दैनिक घटनावलीको टिपोट भएको पाइन्छ । यही पृष्ठभूमिमा "बत्तीस सालको रोजनाम्चा" लेखिएको देखिन्छ । बत्तीस सालको रोजनाम्चा भन्ने शब्दबाट यस रोजनाम्चाभित्र ३२ सालभन्दा अघि घटेका घटनाहरूको टिपोट भएको कुरा सजिलै अनुमान गर्न सकिन्छ । नेपालको राजनीतिमा १९३२ सालभन्दा उनन्तीस वर्ष पहिले जंगबहादुरको यात्रा भएको कुरा इतिहास–प्रमाणित छ । यस रोजनाम्चाले पनि जंगबहादुरको शासनकालमा भएका दैनिक गतिविधिहरूको राम्रो टिपोट उतारेको छ । यसमा जंगबहादुरको फौजी अनुशासन कस्तो थियो, अंग्रेज अतिथिहरूको उनले कस्तो संमान गर्थे र नेपालका विभिन्न ठाउँमा उनले भ्रमण गर्दा कस्ता समस्या आइपर्थे इत्यादि कुराहरूको राम्रारी वर्णन गरिएको छ । यस्ता दैनन्दिनी गद्य कृतिहरू यथार्थ लेखिन्छन्, राम्रो कुरा बताउँछन् र महत्त्वपूर्ण हुन्छन् । अतएव नेपाली साहित्यको इतिहासमा "बत्तीस सालको रोजनाम्चा" को पनि आफ्नै स्थान छ र महत्वपूर्ण योगदान छ ।

यसरी गोरखापत्रको जन्म हुनुभन्दा पूर्वको नेपाली साहित्यलाई हेर्दा देख्न पाइने पृष्ठभूमि र परम्पराको स्वरूप संक्षेपमा यही हो । नेपाली साहित्यको यही पृष्ठभूमि र परम्परालाई आधार बनाउँदै प्रकाशित हुन लागेको गोरखापत्रले नेपाली साहित्यका विकासमा प्रशस्त योगदान दिएको छ । अब यहाँ यसै विषयको चर्चा गर्ने प्रयास गरिन्छ ।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो खण्ड

गोरखापत्र र नेपाली साहित्य

१. गोरखापत्रको प्रकाशनका लागि भएको पहिलेको व्यवस्था:–

भनिन्छ– राणा शासनको इतिहासमा प्रधानमन्त्री देवशमशेरको विशेष महत्त्वपूर्ण स्थान छ। उनी बडा सुधारक थिए। नयाँ नयाँ नियमको व्यवस्था गर्दथे। नेपालमा राष्ट्रिय शोषणको नयाँ परम्परा चलाउने वीरशमशेरको निधन पछि ई. सन् १९०१ मार्च ५ तारीखदेखि जून २६ तारीखसम्म तीन महीना बीस दिनका लागि मात्र नेपालको शासनाधिकार प्रधानमन्त्री देवशमशेरका हातमा रह्यो। जम्मा ११० दिनको छोटो अवधिमा यिनले धेरै सुधार कार्यहरू गरे। नेपालको दीर्घजीवी गोरखापत्र पनि (साप्ताहिक समाचार पत्रका रूपमा) यिनकै सदिच्छा र निर्देशन अनुसार प्रकाशित हुन लागेको हो। यो समाचार पत्र छापिनु-भन्दा पहिले वि. सं. १९५८ साल वैशाख वदी ११ रोज २ का दिन (वैशाख कृष्ण एकादशी सोमवार) यसको प्रकाशनका निमित्त व्यवस्था गर्न निर्णय गरिएका सनद (रुक्का, राजाज्ञा पत्र) का केही अंश र श्री ३ का निर्देशन यस प्रकार छन्:–

(क) गोरखापत्र छाप्नका निमित्त श्री ३ देव शमशेरद्वारा नरदेव मोती-कृष्णलाई दिइएको निर्देशन:–

"प्रत्येक साता १००० प्रति गोर्खापत्र छाप्नु, त्यसमा अनौठा कुरा, अड्डा अदालत फोहर भए, हाकिम नवसे, जुलुम अन्याय भए, कसूर गरी हाकिम बदलिए, कसैले फजुल गरे, खेतीपातीको उन्नती वारे, वीरतापूर्वक भालु चितुवा मारे, वेदाममा छाप्नु अथवा कसैले म फलानो इलम जान्दछु जागीर पाउँ भन्न आए पैसा ली छापी दिनु, स्वर्गवासी श्री ३ महाराजको तारीफ छाप्न हुन्छ, तर फौज, सर्कारको आयव्यय, सीमानाको विकट बाटो, सुनखानी, श्री ५ र श्री ३ का दरबार-का आइमाइ वारे तथा हाम्रो तारीफ हुने न छाप्नु।"[१]

---

१. ग्रीष्मबहादुर देवकोटा "नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास" पृष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) गोरखापत्र प्रकाशनको व्यवस्था गर्न सनदवाट निर्णय गरिएका केही अंशः–

"पंडित नरदेव पाण्डेले पुर्जी हेरी गोर्खाली अखवार हप्तावारी जम्मा १००० थान छापा गरी जारी गर्ने काम तिम्रा तालुकमा राखी वक्स्याको हुनाले सो कामलाई मदत समेत गर्न टायप छापाखाना, लिथोग्राफ छापाखाना समेत गाभी तपसील बमोजिम उर्दी सवाल गरी वक्स्याको छ। सो बमोजिम रीत पुऱ्याई काम काज गर।

तपसिल

टायप छापाखानामा रहेको अरु कागज जो जो छ पण्डित साधुराम देवकोटा संग लेथोग्राफ र छापाखानामा रहेको मालहरु लेफ्टेण्ट कर्णेल जुद्धबहादुर रावत क्षेत्री संग बुझी ली साथमा राख्नु।"

"यो अखवार हप्ता हप्तामा १००० थानका हिसावले छापी सो अखवार जरुरले लिनामा दर्कार गर्छन् वर्ष १ को अखवार थान १ को मोहरु ३ का दर्ले लिने गरी दिनु।

सो छापाखानाको काम चलाउनलाई टायप छापाखानाको र लेथोग्राफ छापाखानाको कामदार कारिन्दा वाहेक अरु तलव मसलन्द खर्चलाई तपसिल बमोजिमको रुपैंया १ कै पटक कौसी तोसाखानावाट वक्स्याको हुनाले साल तमाम भया पछि अखवार विक्रीको आम्दानी सदर मुलुकीखानामा दाखिल गरी रसिद लिनु।"[1]

– – – –

(ग) गोरखा पत्रिकामा छाप्नेः–

"दुनियांलाई हुन्या इस्तीहार नटाँसिने कुरा र नयाँ जारी भयाको ऐनको कुरा कलकत्ताको र यहाँको दरभाउ।

जंगी निजामतीले तरक्की गरेकोमा उनको पुर्खावालि देखिको वयान ... ...।

हामीवाट र सुरुत्यारले दुनिञ्जालाई इसपीच दिएको।

---

१. ग्रीष्मवहादुर देवकोटा "नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास" पृष्ठ ऐ ऐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनौठा अनौठा कुरा अर्थात् आकाशमा उडेर जाने समुद्रभित्र लगेका देषका दायामा आयार याहां भयको कुरा । अदालत विषयमा अन्याय भयाको प्रमाण पुग्याको दोभिता भयाको अड्डाखानाको हाकिम अड्डामा न बसी फोहर गरेकोमा गरेको पक्का गरी छापनु ।

कसैले मैले यो काम लियाको छु नोकरी पाउँ भन्या र यस ठाउंमा धाउ पायाँ भनी जाहेर गर्न आयाको दामली छापी दिनु ।

खेतिपाती विषय, ईलम विषय, धर्म उन्नतिको असल असल कामको कीतावको उल्थागरी छापनु ।

श्री ५ को सरकारको ठूलो ठूलो उत्सवको कुरा छाप्नु हुन्छ सोर्गेवासी श्री ३ महाराजको तारीफ छाप्नु हुन्छ ।

बाबुले कमायाको धन जुवा रंडी वाज गरी वदनियत गरी खर्च गर्नेको दिइ पनि छापी दिनु ।

सीकारका विषय हाम्रा गोर्खालीले फलानाले खुकुरीले चीतुवा भालुलाई हाने मारे भने इत्यादि बहादुरी गरेको छाप्नु हुन्छ ।

ग्याजेट प्रोग्राम पनि छाप्नु । वेंकटेश्वर, बंगवासी छापाको असल असल कुरा उल्था गरी छापी दिनु ।

दुनिञाको वदचलन फतुरा खर्चवाट दिल हटाउने राय छाप्नु हुन्छ ।

डाक्टरहरूले यसलाई आराम गर्दा यति खिल्लत पायो भन्या ।"[१]

(घ) न छाप्ने:–

"श्री ५।३ सरकारका दरबार मित्रका स्वास्नी मानिसको विषय ।

फौज विषय र हात हतियार राजकाज विषय । सरकारका आम्दानी खर्च विषय ।

भोटको र हाम्रो सीमानाका विकट बाटाको वयान, सुनखानीका धाउ पायाको कुरा ।

अनेत्र पंच राज्यं विषयलाई तारिफ हुने कुरा भयाका कितावका उल्था गरी न छाप्नु ।

हाम्रो तारीफका कुरा न छाप्नु ।

---

१. ग्रीष्मवहादुर देवकोटा 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास' पृष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथि लेखिया बमोजिम छापनालाई मसौदा गरी लेफ्टेंट कर्णेल डिल्ली शमशेर थापा क्षेतृलाई जंचाई उनले दुरुस्त भो भनी सहिछाप गरी दिया बमोजिम छापनु ।

छापीयाको कागज हप्ता–हप्तामा १००० थान बिक्री भै आयाको र तेस भन्दा बढी बिक्री भयो भन्या सोसमेत सदर मुलुकीखानामा दाखिल गरी रसीद लीनु । बिक्री न भै बाँकी रहेको छापा र कागज लिनेले रुपैयां न बुझाई बाँकी राख्यो भन्या सो बाँकीको फाँटवार समेत निज कर्णेल भार्फत जाहेर गरी निकासा भया बमोजिम जुन ठाउंमा बुझाउनु भन्या हुन्छ बुझाइ रसीद लिनु ।"[१]

राणा प्रधानमन्त्री श्री ३ महाराज शिक्षा र जनचेतनाका पक्षपाती थिए भन्ने कुरा 'गोरखापत्र' को प्रकाशनका लागि गरिएको उपर्युक्त निर्णय र व्यवस्थाले बताउँछन् । अझ यति मात्र होइन उनले आफ्नो राज्याभिषेक भएकै दिनदेखि घण्टाघर स्थित वीर पुस्तकालय सर्वसाधारणले हेर्न पाउने व्यवस्था गराएकोबाट उक्त कुराको पुष्टिमा बल मिल्छ । उनको यो प्रशंसनीय व्यवहारको खबर हामीलाई गोरखाले नै बताउँछ । जुन यस प्रकार छः– "श्री ३ देव शमसेरको राज्याभिषेक देखि वीर पुस्तकालय सर्वसाधारणले हेर्न र पढन पाउने भो, फोहर गर्ने वा पुस्तक बिगार्नेलाई त्यहाँको ऐन सवाल बमोजिम हुनेछ । पुस्तक घरमा लैजान पाइँदैन । विहान ६ बजेदेखि ९ बजेसंम बेलुका ४ बजे देखि ७ बजे संम खुल्ने छ । सारा दुनिञालाई किताव पुस्तकहरू मन माफिक हेर्न सर्काँरिया पुस्तकखाना र सरकारको धन दुनिञाको होइन भन्ने अज्ञानको पर्दा समेत श्री ३ महाराजको राज्याभिषेकका दिन खुल्यो ।"[२]

यस प्रकार श्री ३ देवशमशेरबाट "गोरखापत्र" प्रकाशनका लागि गरिएको उक्त निर्णय र व्यवस्थाबाट त्यतिवेला प्रकाशनोन्मुख गोरखापत्रको परिभाषा र स्वरूप छर्लङ्ग हुन्छ भने उनको राज्याभिषेक हुनासाथ गरिएको कार्यविधिबारे गोरखापत्रले नै छापेका उपर्युक्त समाचारबाट प्रधानमन्त्री देवशमशेर नेपाली जनतामा शैक्षिक चेतनाको जागरण एवं विकास होस् भन्ने सदिच्छाबाट प्रेरित र कार्यशील पनि थिए भन्ने समेत स्पष्ट बुझ्न सकिन्छ । यस उद्देश्यबाट प्रेरित देवशमशेर महाराजको शासनकालमा यिनले उक्त निर्णय गरेको तीन हप्ता पछि

---

१. ग्रीष्मबहादुर देवकोटा "नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास" पृष्ठ

२. गोरखापत्र (साप्ताहिक समाचार पत्र) भाग १, संख्या २, पृष्ठ १, नेपाल सम्वत् १९५८ मिति ज्येष्ठ बदी १० सोमवार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सोही दिन (सोमवार) यिनै व्यवस्था र सहयोगका आधारमा श्री नरदेव मोती-कृष्ण शर्माद्वारा श्री पशुपत प्रेस (ठहिटी, आढत नेपाल) मा छापिएर नेपालको पहिलो समाचार पत्र (साप्ताहिक समाचार पत्र) का रूपमा गोरखापत्रको जन्म हुन्छ– विक्रम संवत् १९५८ साल मिति ज्येष्ठ वदी ३ सोमवार, वैशाख २४ गतेको मङ्गलमय शुभ दिनको शुभ लग्नमा ।

२. गोरखापत्रको प्रारम्भ–

(क) श्रीगणेशाय नमः

"..... जसका नामका सम्बन्धले हामिहरू गोर्खालि कहिएका छौं उनै गोरक्षकालिको समझना गरी थो अखवारको प्रारम्भ गर्दछौं ।"[1]

(ख) "निरोगी सबै हुन् सबै हुन् सुखीया ।
सबै वेस देखुन् न हुन् कवै दुखीया ।
सबैको यसै पत्रले हात् सुहाओस् ।
सधै हर्षले दिल् सबैको भराओस् ।"

(ग) "..... जुन देशमा राजा र प्रजाहरुका मनको आशय झल्काई भएको सुख, दुःख, धर्म, कर्म, बेपार, चाकरी, खेती जस्ताको तस्तो लेखी याहादिने अखवार छैन त्यस देशको देस बढती कहिले हुन सक्दैन ।"[2]

(घ) "सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।।१।।

सम्पूर्ण प्राणीहरु सुख्ख पाउन् । रोगादि सबका पनि जाइ जाउन् ।
सब् प्राणिले मंगल मात्र देखुन् । कोही पनी दुःख न पाउने हुन् ।।२।।

विनायक नमस्तेऽस्तु सततं मोदकप्रिय ।
अविघ्नं कुरु मे देव सर्वकार्येषु सर्वदा ।।३।।[3]"

उपर्युक्त अंशहरूलाई पढ्दा गोरखापत्रको प्रारम्भमा अभीष्ट देवता गोरक्षकालीको संझना गरिएको, देशको उन्नतिका निमित्त 'जस्ताको तस्तो लेखी

१. "गोरखापत्र (साप्ताहिक समाचार पत्र) भाग १, संख्या १, पृष्ठ १, नेपाल संवत् १९५८ मिति ज्येष्ठ वदी ३ सोमवार नेपाल सम्वत् भनेर छापिएको वि० सं० हो ।–ले०)

२. ऐ ऐ भाग १, संख्या २, पृष्ठ १, नेपाल संवत् १९५८ मिति ज्येष्ठ वदी १० सोमवार ।

३. ऐ. ऐ भाग १, संख्या ५, पृष्ठ २, नेपाल सम्वत् ११५८ साल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

याहा दिने अखवार हुनु पर्छ' भन्ने आवश्यकता देखाइएको छ । अनि सबै प्राणी मात्र निरोगी होउन्, सुखी होउन्, भलो भएको देख्न पाउन्; रोग, भोक शोक आदि कष्टहरू हटुन्, कोही पनि दुःखी न होउन् भन्ने मंगल कामना पूर्वक यो (गोरखा) पत्र सबैको हातमा पुगोस् र सबैलाई आनन्दित बनाओस् भन्ने उच्च उद्देश्य राखिएको एवं यस्तो कार्यसिद्धिका निम्ति विघ्नहर्ता गणेश देवतालाई नमस्कार पूर्वक प्रार्थना समेत गरिएको देखिन्छ ।

निश्चय पनि यस्ता महान् लक्ष्यहरू राखेर तदनुसार यथाशक्ति काम गर्दै आएको र यस्ता काम गर्नमा तत्कालीन राणा शासनमा पनि अभयदान पाएको गोरखापत्रले "शिक्षित समाजलाई साहित्यले आनन्द दिन्छ" भन्ने कुराकासाथै नेपाली समाजमा त्यसको आवश्यकता भएको कुरा पनि बुझेको रहेछ । यस कुरा-लाई ध्यानमा राखेर शक्ति अनुसार सेवा गर्दागर्दै पनि गोरखापत्रको प्रकाशनका बाह्र वर्षपछि तेह्रौं वर्ष प्रवेश गर्ने दिनको संपादकीयमा "अझै आफ्नो अभिप्राय (उद्देश्य) अनुसार जनता जनार्दनको सेवा पुऱ्याउन राम्ररी सकिएको छैन तापनि आफ्नो कर्तव्य विमुख नभई अगाडि पछाडि रहेका श्लोक चरितार्थ गराउनमा हरवखत कोशिस गरी रहने संकल्प" छापिएको छ । साथै बाल्यावस्था पार गरी युवावस्थामा पुगेपछि सभ्य समाजको सत्संग पाएर विद्वान् ग्राहकहरूलाई चित्ता-नन्द गराउने र शिक्षार्थीहरूलाई शिक्षा दिलाउने असल असल लेखी सेवा गर्ने अभिप्राय भएकाले यसका लागि सज्जन महानुभावहरूलाई मात्र "शुभकामनाले पालन पोषणादिको वरबन्दोवस्त गरी दीर्घायु होस् भन्ने आशीर्वाद दी यसको रक्षक र सहायक होइदिनु पर्दछ" भन्ने प्रार्थना समेत गरिएकोबाट पाठकलाई यसले साहित्यिक आनन्द दिइरहने संकल्प गरेको स्पष्ट बुझिन्छ ।

३. गोरखापत्रको संक्षिप्त इतिहासः–

विक्रम संवत् १९५८ साल ज्येष्ठ वदी ३ सोमवार वैशाख २४ गते नेपाली समाजमा गोरखापत्रले जन्म लिंदा त्यस वेला यसको अनुहार 'गोर्खापत्र' देखिएको थियो । भरखर जन्मेको गोरखापत्रको अनुहार एवं आकार प्रकार पौष्टिक खुराक न पाएको बालकको जस्तो (९×१२" साइजमा चार पृष्ठको) भए पनि यसले पहिलो पृष्ठमा सबभन्दा अगाडि छापेको एक पद्यमा[१] विश्वका मानव मात्रको मङ्गल कामना गरेको छ । साहित्यको सेवा गर्ने संकल्परत गोरखापत्रले आफू हात पर्नासाथ पाठकलाई मङ्गलमय शुभकामनायुक्त कविता पढायो, अटुटक्रमले पढाउँदै छ र भविष्यमा पनि नेपालका सन्तानहरूलाई पढाइरहने शुभकामना पाठकबाट पाएको छ ।

---

१. निरोगी सबै हुन सुखीया सबै वेस देखुन् नहुन क्वै दुखीया...आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी सर्वप्रथम कविताबाट साहित्यमा ताते गर्दै प्रारम्भ भएर तोते बोली बोल्न लागेको 'गोरखापत्र' को इतिहास हेर्दा यो आफ्नो जीवनको किशोर अवस्थामा पौष्टिक खुराक नपाएर हृष्टपुष्ट हुन नसकेको देखिन्छ । किनभने बालकलाई जन्माएर मात्र हुँदैन, त्यसलाई हुर्काउन धाई सुसारे आदिको पनि राम्रो व्यवस्था गर्नु पर्दछ । कुनै पनि समाचारपत्रका निमित्त धाई सुसारेको काम गर्ने सम्पादक हुन्छन् भने दैनिक खुराकको काम गर्ने सम्पादकीय (अग्रलेख) नै हुन्छ । नेपाली समाजमा आफ्नो जन्म हुनु पर्ने आवश्यकता बताउँदै पहिलो अंकमा गोरखापत्रले यसो भनेको थियो:–"जुन देशमा अखबार बढ्दै गएको छ तो तो देशमा रोज बेरोज उन्नति बढ्दै गएको देखिन्छ । हुन पनि यस संसारमा सबैभन्दा मुख्य कुरा खबरै (सब्द) छ, पन्छीमा पनि खबरले आपसमा व्यवहार चलाएका छन् । जस्तै कहीं मरेको काग, कोही एक कौवाले देख्यो भने काग काग सब्द गरी सारा कौवालाई खबर दि कागको बथान जम्मा गर्दछ । त्यसै कारणले शास्त्रमा पनि 'सब्द ब्रह्म' सबद भनेको खबर ब्रह्म भनेको ईश्वर हो भन्ने सिद्धान्त हो ।" यसरी आफ्नो आवश्यकता देखाउँदै संपादकीय लेख्ने गोरखापत्रले श्री ३ देवशमशेरको सदिच्छाबाट खालि जन्म मात्र पायो । दुइ महीना पुग्दा न पुग्दै यसलाई आफ्ना जनकबाट विछोड भै टुहुरो बन्नुपर्‍यो । गोरखापत्रले नेपाली माटोमा, नेपाली समाजमा जन्म लिनुको वास्तविक उद्देश्य के थियो र यसले नेपाली जनताको सेवा कसरी गर्ने खोजेको थियो भन्ने कुरा नेपाली समाजले देख्न पाएन । 'कलकत्ताको 'बंगाली' भन्ने अखबारमा लेखियाको'[3] भन्ने शीर्षकमा "....धेरै बडा बडा मानिसको चाकरी खुसामद निको मान्ने स्वभाव हुन्छ हाल माहाराजबाट यी दुइ कुराको बडो चाह नराखी अझ संम जस्तो इन्साफ गरिबक्सेको छ उस्तै पछिसंम गर्न टुटाइ बक्सेन भने महाराजको ठूलो नाम पछि संम रहबैन भन्ने केही केही सन्देह छैन ।" भन्ने छापिएको अंशबाट श्री ३ देवशमशेरले पछिसम्म ठूलो नाम रहने भूमिका खेलेका रहेछन् भन्नेकुरा गोरखापत्रबाटै थाहा हुन्छ । फलतः पारस्परिक दाउ पेच गरी राजनीतिक फाइदा उठाउने तत्कालीन राणा वर्गमा यस्तो भूमिका खेल्ने मानिसको (राणा परिवारकै सदस्य भए पनि) जे दुर्गति हुन्थ्यो त्यहि दुर्गति देव शम्शेरले भोग्नुपर्छ । श्री ३ चन्द्र शम्शेरको शासनमा गोरखापत्र राम्ररी हुर्कन सकेन । यसले उज्यालो मुख देखाउन पाएन, अरू मोटाएर आफ्नो शरीर बढाउन सक्ने त कुरै

---

१. 'गोरखापत्र वर्ष १, संख्या ३ मिति १९५८ जेष्ठ सुदि सोमवार, पृष्ठ ६ को तेस्रो लहरमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएन । साच्चै भन्ने हो भने "गोरखापत्र" शुभ लग्नमा जन्मेको र शुभ ग्रहको दृष्टि पुगेकोले मात्रै मर्न नसकेर बाँचीरह्यो । यस अवधिभित्र पनि गोरखापत्रलाई साढे-सातका दसाले झण्डै खुस्काएथ्यो । त्यसको वयान यहाँ गरेर साध्य छैन ।

यसरी अनेक कष्ट सहेर पनि आफ्नो मरन्च्यांसे अनुहार लगाउँदै ग्राहक-हरूको सेवा गर्न गोरखापत्र संधै तयार रहेको देखिन्छ । कैयौं पटक पाठकहरूलाई यसले आफ्नो दुःख देखाएको छ । विन्तिविसाएको छ र प्रार्थना गरेको छ । पहिलो अंकमानै गोरखापत्रले "यो तल लेखीयाको अखवार हुनाका फाइदा तपाई-हरू ग्राहक गणले यथार्थ सम्झी काममा ल्याउन सक्नु हुनेछ भन्ने उमेद गरि अख-वारको फाइदा लेखि तपाईहरूमा चढाउँछु . . ."भन्दै १४ किसिमका फाइदाहरू लेखिसकेर "सम्पूर्ण विषयमा उन्नति गराउने भयाको यस्तो मन चिन्त्य अमोलको पदार्थलाई ४ रूपैयाँ मात्र मोल तिरी लिनालाई तपाईहरू खुशीसाथ मञ्जुर गर्नु हुन्यैछ" भनेर प्रार्थना गरेको छ र "यो पत्रको भरखरैको पैदाइस हुनाले यसको तोते बोलीमा रह्याका मीठापनको मजालिई गलतीमा तपाईहरू सज्जनवाट क्षमा हुन्यैछ" भन्ने भावना समेत व्यक्त गर्न चुकेको छैन । किनभने त्यसवेला अलिकति मात्र भूलचूक हुनासाथ मुख लुकाउनु पर्ला भन्ने त्रासले गोरखापत्र पनि थरहरी थियो ।

गोरखापत्र हेर्न खोज्दा हामीलाई गोरखापत्रले आफ्नो इतिहास आफैं बताउँछ तापनि त्यसवेला यसले आफ्नो लालन पालनमा धाई सुसारेको काम गर्ने सम्पादकको नाम भने देखाएको छैन । गोरखापत्रको सम्पादन गर्ने जिम्मा लगाइएको थियो । तर सम्पादकको नाम छाप्न पाइदैनथ्यो । "सम्पादकीय" को नाममा कहिले काँहि "एडिटरको राय" छापिन्थ्यो तर एडिटर को हो भन्ने कुरा गोर-खापत्र पढ्नेलाई थाहा हुँदैनथ्यो । गोरखापत्र छपाई प्रकाशन गर्न एक जना म्यानेजरको व्यवस्था गरिन्थ्यो । यो म्यानेजर पद सर्वप्रथम पं. नरदेव पाण्डेलाई जिम्मा लगाइएको थियो तापनि गोरखापत्रमा छापिने कुराको छानवीन (सेन्सर) गर्न सरकारबाट एकजना तालुक वाला हाकिम खटाउने गरेको बुझिन्छ । यसरी छानवीन गर्ने पहिलो तालुकदार लेफ्टेंट कर्णेल डील्ली शंशेर थापा क्षत्रु देखिन्छन् । यसबाट गोरखापत्रमा नाम छपाउन नसकिने भएतापनि एडिटरको राय लेख्ने पहिला व्यक्ति पं. नरदेव पाण्डे नै रहेछन् भन्ने बुझिन्छ । यसरी लेखिने गरिएको सम्पादकीयमा शीर्षक छैन फेरि यो कुनै एक पृष्ठको निश्चित ठाउँमा छापिने हैन र नियमित रूपमा लेखिने पनि गर्दैन खालि कहिले काँहि कुनै ठाउँमा देखा पर्छ र दुःखको पोको फुकाउँछ आँसु चुहाउँछ अनि रुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यतातिर गोरखापत्रको हालत यस्तो भइरहेछ उतातिर सरकारबाट गोरखापत्रको नाममा बखत बखतमा चिठी पत्रहरू आइरहन्छन् । यस्तो कुरा छाप्नु, यस्तो कुरा नछाप्नु भन्ने पटक पटकमा सनदबाट भएका निर्णय लिएर । जे जस्ता निर्णयहरू सरकारबाट आउँछन् तिनलाई शिरमा धर्दै जिम्मा लगाइएको काम गर्दै र साहस लिएर सरस्वतीको सेवामा जे जस्तो परि आउँछ कांध थाप्दा थाप्दै पं. नरदेव पाण्डेले पनि दुइ वर्ष चिचिलो गोरखापत्रलाई छाड्नु पर्‍यो–देव शम्शेरले दुइ महीनामा छोडे जस्तै । अब गोरखापत्रका म्यानेजर डि. उपेन्द्रबहादुर वस्न्यात् क्षेत्रि हुन्छन् । यिनकै सञ्चालनमा सर्वाधिकार सम्पन्न श्री ३ चन्द्र शंशेरद्वारा गोरखापत्रको सर्वाधिकार पनि दाइजो दिए झैं दिइन्छ–उनैका ज्वाई बझांङी राजा जयपृथ्वीबहादुर सिंहलाई । यिनले दाइजोका रूपमा गोरखापत्रको उपभोग गर्न पाएको बेला "एडिटरकोराय" लेख्न भनी बसेका भान्सेहरू पं. चिरञ्जीवी शर्मा पौड्याल, पं. नरेन्द्र केशरी अर्य्याल र डि. द्वारिकानाथ उपाध्याय समेत तीन जना देखिन्छन् । यस बीचमा श्री ५ त्रिभुवनको शुभराज्याभिषेकको अवसरमा दुइवटा कविता छपाएर त्यसको पुछारमा "सम्पादक मु. हरिप्रसाद शर्मा नक्शाल" भन्ने र यसै अंकमा छापिएको अर्को एक कविताको पुछारमा "पं. कृष्णचन्द्र अर्य्याल सिफले (सं. गोर्खापत्र)" भन्ने भेटिन्छ । तर यो "सम्पादक" शब्द न अगाडि देखिन्छ न त पछाडि नै लेखिन्छ । यसबाट सम्पादक भएर काम गर्नेलाई पनि नामका पछाडि उक्त शब्द लेख्ने स्वीकृति नमिलेको बुझिन्छ । ज्वाई भएर सित्तैमा पाएको दाइजो पनि जयपृथ्वीबहादुर सिंहले उपभोग गर्न जान्दैनन् र सक्दैनन् । अनि तेह्र वर्ष पछि गोरखापत्र आफ्नो गठरी सहित चन्द्र शम्शेर कै अधीनमा पुग्छ–दुलही माइती पुगे जस्तै र उनले यसलाई फेरि पाउन्न्– दुलही घरमा नफर्किए जस्तै ।

यसरी कहिले घरमा र कहिले माइतमा गर्ने दुलहीलाई देखेर हाम्रो समाजमा टीकाटिप्पणी गर्ने चलन अहिलेसम्म पनि टुटेको छैन भने उहिले झन् कत्तिको थियो होला भन्ने कुरा सहजै कल्पना गर्न सकिन्छ । गोरखापत्रमा कहिले–कहिं छापिने र छरिने गरेको एडिटरको राय (सम्पादकीय) लाई देखेर छिमेकी पत्रिका समाजले गरेको टीका टिप्पणी हेर्दा अचम्म लाग्छ । यस विषयमा बनारस बाट प्रकाशित "गोर्खाली" साप्ताहिक वर्ष २, संख्या ६, मिति १९७३।१२।५ को पत्रिकामा ". . . . . हाम्रा सहयोगी गोरखापत्रले पोहोरसाल एउटा सहयोगीको जन्म श्री काशी धाममा भएको थियो । छांटकांट फाईफुई देख्दा केही सुरसार ल्याइहाल्छ कि भनेको सो पनि वर्ष दिन पछि सुतेको थियो । दुइ तीन महीनासम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नउठ्दा दीर्घ निद्रा नै लियो कि भन्ने शंका सबैले लिएका थिए भनी सबैले भनेका रहेछन् । यै संझेर हो क्यार "गोर्खाली" शोकग्रस्त भएका बेलामा सो शोक हटाउने चेष्टा उपाय गर्नु त परै आजोस् भेटघाट गर्न पनि गाह्रो मानी हाम्रा सहयोगीले आफ्नो प्रकृतिको परिचय दिएका होलान् । .....हाम्रा सहयोगीको सम्पादकीय विचारको मुख्यस्थानमा संम्पादकीय लेख हामी देख्दैनौं । सम्पादकीय लेख जस्ता रहने देखिएका स्थानमा "देश समाचार" भन्ने लेखी देश समाचार भने केहि न दि मुसलीको वर्णन गरिएको रहेछ । हाम्रा सहयोगीले मुसलीको वर्णन "देश समाचार" ता संझेनन् ! ! ! " भन्ने देखिन्छ तापनि यस्तो लेखिएको-मा अचम्म लाग्ने कुरा अहिले छैन । किनभने त्यसबेलासम्म गोरखापत्रले छाप्ने गरेका नियमित स्तम्भहरू यिनै हुन् :–

"गोर्खापत्रको नियम, देश समाचार, देशान्तर समाचार, मोफसल र विज्ञापन । " यिनै शीर्षकलाई ठूला अक्षरमा दिएर त्यस भित्र गोरखापत्रले जे जति समाजको सेवा पुऱ्यायो त्यो ज्यादै महत्वपूर्ण छ र आज इतिहास बनीसकेको छ ।

यसरी नै भए पनि नियमित रूपमा प्रकाशित हुने गोरखापत्रलाई सहयोग गर्ने मानिसहरू भने नियमित रूपमा रहन पाउँदैनन् । यति बेला डि. उपेन्द्र-बहादुर बस्न्यात क्षेत्रि कता पुगे त्यो कुरा गोरखापत्रले बताउँदैन तर अरूनेहरूको नामसम्म देखाउने गरेको छ । संवत् १९७३ मा राजा जयपृथ्वीबहादुर सिंहबाट खोसिए पछि गोरखापत्रसंग आउँदै सम्बन्ध जोड्दै जानेहरू क्रमशः कर्णेल भूपाल शमशेर ज. ब. रा., श्री प्रचण्ड शमशेर ज.ब.रा., श्री धनशमशेर ज.ब.रा., श्री शेर शमशेर ज. ब. रा., गुरू श्री विश्वराज पण्डितज्यू तथा डि. वैजनाथ उपाध्याय जोशी (सेढाञ्जी) र हाकिम पं. अमृतनाथ उपाध्याय हुन् ।

यस्तो क्रम १९९० सालको आखिरीसम्म चलेको देखिन्छ । १९९० सालको चैत्र महीनामा पं. चिरञ्जीवी पौड्यालका छोरा श्री प्रेमराज पौड्याल पण्डितकै दर्जामा गोरखापत्र छापाखानामा भर्ना हुन्छन् र यसको सम्पादन गर्न लाग्छन् । यिनी भर्ना भएपछि १९९१ सालको शुरुमा 'संपादक प्रेम' मात्र देखिन्छ र १९९१ सालको जेष्ठ ५ गतेदेखिको गोरखापत्रमा बल्ल 'संपादक प्रेमराज' भन्ने छापिन्छ । संपादक प्रेमराजले लामो समयसम्म संपादन गर्छन्, प्रकाशन गर्छन्, अनि दश वर्षपछि बल्ल बाबुको धोको पूरा गर्न सफल हुन्छन्– गोरखापत्रलाई हज्जार जनाको हातमा पुराएर । संवत् २०००– सालपछि यिनकै संपादनकालमा गोरखापत्र 'तरुनो' हुन्छ, जुंघाका रेखी वस्छन् र बाक्लिन्छन्– साप्ताहिकबाट अर्धसाप्ताहिक तथा द्विदैनिकरूपमा देखिन थाल्छ । यिनको समयमा जे जस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कठिन कार्य आइपरे पनि युवक गोरखापत्रले सम्पूर्ण कठिनाइको सामना गछ, धैर्य लिन्छ र बाँची रहन्छ । 'जीवन्नरो भद्रशतानि पश्येत्' । हुन पनि गोरखापत्रलाई कतिकुरा भोग्नुपऱ्यो– ७७ सालको मकै पर्व, ९० सालको भूइँचालो, ९७ सालको शहीद पर्व र ०७ सालको जनक्रान्ति इत्यादि । गोरखापत्रले राणा शासनमा जन्म लिन्छ अनि राणा विरोधी जनक्रान्तिमा पनि भाग लिन्छ । यसैले शहीदको सपना झैं गोरखापत्रको पनि सपना साकार हुन्छ । नेपालमा प्रजातन्त्रको घोषणा गर्छ । अनि आफू जस्तै कति सहयोगी साथीहरूलाई जन्माउँछ, हुर्काउँछ, सिकाउँछ र आफूले जस्तै त्याग तपस्या गर्न लगाउँछ । तैपनि शैक्षिक चेतनाको अभावले पछि परेको नेपाली समाजमा गुरुले जति उपदेश र ज्ञान दिइरहे पनि त्यसको अध्ययन मनन गरी गुरु जस्तै बन्न सक्ने कमै देखिन्छन् । गुरु गोरखापत्र भने अब बल्ल पेटभरी खान पाउँदै (१५×२० को साइजमा) आउँछ । २०१७ साल फाल्गुन ७ गते देखि यसको दैनिक प्रकाशन प्रारम्भ हुन्छ । यसपछि मात्र गोरखापत्रले आफ्नो उज्यालो अनुहार देखाउँछ । पाठकहरूलाई धेरै किसिमका सामग्रीहरू दिन लाग्छ । यसरी अनेक कष्ट र कहर काटेर बाँचेको गोरखापत्र संपादक प्रेमराजको सहयोग पाएर हिन्दू वैदिक आदर्शको पालन गर्छ– "भद्रं कर्णेभिः शृणुयाम शरदःशतम् ।" यसका पाठकहरूले भन्छन्– "भद्रं पश्येम शरदः शतम् ।"

यति वेला गोरखापत्रका सहृदयी सम्पादक प्रेमराज बूढा भैसकछन् । उनलाई अवकाश मिल्छ– जसले गोरखापत्रलाई दुःख सुखमा साथ दिएका थिए, आँसु र हाँसो देखाएका थिए अनि धेरै लामो समयसम्म गोरखापत्रसित सहवास गरी जीवन चलाएका थिए । प्रेमराज शर्मा हुँदैदेखि नै बालकृष्ण सम गोरखापत्रका प्रधान सम्पादक भए अनि टेकबहादुर खत्री आए, गए । प्रेमराज शर्मलि अवकाश लिएपछि उनैका छोरा रामराज पौड्याल पनि गोरखापत्रलाई संरक्षण गर्ने अभिभारा वहन गर्छन् । यिनी प्रधान सम्पादक हुन्छन् । केही समयपछि रामराज पौड्यालले पनि गोरखापत्रलाई छोड्छन् । अनि यसलाई प्रधान सम्पादक गोपालप्रसाद भट्टराईले साथ दिन्छन् । अरू पनि धेरै सहयोगीहरू यसले पाउँछ । यस समयमा गोरखापत्रको भुंडी लाग्छ र खुब मोटाउँछ पनि । अनि प्रधान सम्पादक गोपालप्रसाद भट्टराईलाई पनि विदा मिल्छ । हालसम्म गोरखापत्रलाई दुई थरी मिलेर चलाई रहेका छन् । २०२० सालदेखि 'गोरखापत्र संस्थान' बनी सकेकोले संस्थानको सञ्चालक समितिका अध्यक्षहरू पनि फेरिंदै आए । अहिलेसम्म देखापरेका दश जनामा क्रमशः कुलशेखर शर्मा, विनोदप्रसाद धिताल, रामबहादुर

९३८०८
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रावल, सुरेन्द्रराज शर्मा, सुन्दरप्रसाद शाह, चित्रबहादुर के. सी., गोविन्दप्रसाद प्रधान र प्रधान सम्पादक श्री भारतदत्त कोइराला । अहिले संस्थानका अध्यक्ष तथा महाप्रबन्धक श्री भारतदत्त कोइराला तथा यसका प्रधान सम्पादक छन् गोकुलप्रसाद पोखरेल र निर्देशन गर्ने श्री ५ को सरकार छ ।

यही हो– गोरखापत्रको संक्षिप्त इतिहास । गोरखापत्रलाई धेरैले धेरै थोक भन्छन् । यसका अनेक नाम राख्छन्– गोरखापत्र, सरकारी पत्र, अखबार इत्यादि । आफ्नो इतिहास आफैं बताउने गोरखापत्र चाहिं भन्छः– "यो गोर्खापत्र बेलायतको 'टाइम्स', 'जापानको 'डेली न्यूज', फ्रान्सको 'व्यनोस्पीच्', चीनको 'प्याकिङ्ग गजेट', प्रयागको 'पायोनियर', पंजाबको 'मिभर', बम्बैको 'व्यंकटेश्वर', कलकत्ताका 'बंगवासी, ईंग्लिसमैन, भारतमित्र', काशीको 'भारत जीवन', लखनौको 'अवध समाचार', अजमेरको 'राजस्थान' इत्यादि हजारन् जस्तै नेपालको प्रमुख समाचार हो । अनेक तरहका नीति, उपदेश, शृंगार, देशदेशावरका खबर, देश समाचार इत्यादिले पूर्ण भयाको यसले अनेक किशंका बुद्धि, विद्या अनायास बढाएर पाठकहरूको मन बहाल गराउने छ । ....."

यसो भनेर साप्ताहिक समाचारपत्रकारूपमा गोरखापत्रले आफ्नो उद्देश्य बताउँछ । अनि अर्ध साप्ताहिक हुँदै हप्ताको तीन पटकदेखि दैनिक निस्कन लाग्छ र यो दिनको दुई पटक पनि (कुनै वेला)[1] देखिएको छ । उहिलेको गोरखापत्र र अहिलेको गोरखापत्रमा आकाश पातालको फरक देखिन्छ, धेरै ठूलो अन्तर भेटिन्छ । नेपालको प्रमुख साप्ताहिक समाचारपत्रकोरूपमा निस्केको गोरखापत्रमा उहिले 'देश समाचार' भन्ने नाम मात्र देखिन्थ्यो तर देशभित्रको समाचार छापिन्नथ्यो । अहिले गोरखापत्रमा छापिने 'नेपाल उतिवेलाको जस्तो उपत्यकाभित्र साँघुरिएको नेपाल होइन, यो त हो– पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको 'विशाल नेपाल' ।

उहिले गोरखापत्र ज्यादै सानो क्षेत्रमा सीमित थियो । अहिले यो सम्पूर्ण नेपालसंग एक जीउ भैं सकेको छ । शरीरका जुनसुकै अङ्गमा जे जस्ता दुःख, पीर, पीडा, भोक, शोक र सुख, हर्ष, आनन्द हुन्छन् ती सबै मुखमा भएका रेखामा देखापर्दछन् । त्यसैले नेपालको सबै दुःख, सुख बुझाउन समर्थ भएको गोरखापत्र जति पुरानो हुँदै जान्छ, त्यो नेपालको इतिहासपत्र हो र जति नयाँ निस्कन्छ त्यो नेपालको मुखपत्र । आजसम्मका तीता मीठा अनुभवहरू पचाएर दीर्घजीवन

१. मिति २०३२।८।२६ गते (सायं संस्करण)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाएको "गोरखापत्र" धेरैपछिसम्म बाँचीरहोस्, चिरञ्जीवी बनोस् ।

४. गोरखापत्र र अरू सामयिक पत्र–पत्रिका––

नेपाली भाषा र साहित्यको सेवा गर्ने मूल अभिप्राय लिएर सकेसम्म गर्दै दीर्घजीवन पाउनेहरूमा पहिलो त गोरखापत्र नै हो । तथापि यसको मूल–अभिप्रायलाई सफल पार्न सहायक अरू पनि कति पत्रपत्रिकाहरू प्रकाशित भए । जति प्रकाशित भए ती सबैको दीर्घायु हुन सकेन तैपनि जति बाँचे त्यतिसम्म सम्पूर्ण पत्रपत्रिकाले मरीमेटी नेपाली भाषा र साहित्यको सेवा गरे । गोरखापत्रले आफ्नो अभिप्राय र शक्ति अनुसार नेपाली साहित्यको सेवा गर्दै आएको भए पनि संवत् १९९१ सालको वसन्त पञ्चमीको शुभ दिनमा यसै उद्देश्यले उत्प्रेरित भएर सरस्वतीको सेवा गर्न 'शारदा' को प्रकाशन हुन्छ । साहित्यका विविध विधाहरू-को सेवा गर्ने संकल्प लिएर आएको शारदाले यस दिशामा प्रशस्त सफलता पाउँछ । यसबेला गोरखापत्रलाई सहयोगी बनाएर शारदाले फड्को मार्छ र उछिन्छ । साहित्य सेवामा अघि सर्छ । शारदाको प्रकाशनदेखि नेपाली साहित्यमा आधुनिक-काल प्रारम्भ हुन्छ । शारदाको प्रकाशनपछि २००५ सालतिर पद्मशमशेरको शासनकालमा शिक्षासम्बन्धी धेरै सुधार कार्यहरू हुन्छन् । पद्मोदय पाठशाला, पद्मकन्या विद्याश्रम, पद्मकन्या कलेज (पछि स्थापित) आदिको स्थापनाको साथै नेपालमा 'छापाखाना र प्रकाशन ऐन' जारी हुन्छ । त्यसपछि पत्रपत्रिका प्रकाशन गर्ने बाटो खुल्छ । कति पत्रपत्रिका निस्कन लाग्छन् प्रजातान्त्रिक उद्देश्य राख्छन्, भाषा र साहित्यको सेवा गर्छन् । उद्देश्य लिएर कर्तव्य गर्दै अघि बढेपछि सफल नहुने कुरा के पो छ र ? यसको लगत्तै ०७ सालमा जनक्रान्ति हुन्छ, अनि प्रजा-तन्त्रको उदय हुन्छ । प्रजातन्त्रको उज्यालो पाएपछि त प्रशस्त पत्रपत्रिका निस्कन थाल्छन् । नयाँ संविधान बन्छ । नेपालीहरूलाई "वाक् र प्रकाशन स्वतन्त्रता" हुन्छ । यिनमा पहिलो पत्रिका "आवाज" (दैनिक) हो, अरूको नाम लेखेर साध्य छैन । नाम न लेखे पनि साहित्यको सेवामा सम्पूर्ण पत्र–पत्रिकाको महत्व-पूर्ण स्थान भएको कुरा लेख्नै पर्छ । यिनको विवरण दिने उद्देश्य अहिले नभएकाले यहाँ शारदाको प्रकाशन–पूर्व गोरखापत्रका सहयोगीकारूपमा देखापरेका केही पत्रपत्रिकाको मात्र उल्लेख गर्नु उपयुक्त ठानिएको छ ।

(क) नेपाल बाहिर निस्कने––

यस समयका पत्र–पत्रिकाहरूमा 'गोरखापत्र' भन्दा १५ वर्ष पहिले बनार-सको भारतजीवन प्रेसबाट मोतीराम भट्टको प्रेरणा र सहयोगले बाबु रामकृष्ण बर्माको सम्पादनमा 'गोर्खा भारत जीवन' नेपाली भाषामा निस्केको सबभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जेठो पत्रिका देखिन्छ । नेपाली भाषाको अखबारकारूपमा संवत् १९४३ सालमा यसको प्रकाशन भएको हो । यस पत्रिकाकोबारेमा अरू विशेष लेख्न केही प्रमाण नपाइएकोले सकिएन तथापि नेपाली भाषामा अखबार प्रकाशन गरी यसको प्रचार गर्ने, नेपाली भाषा पढ्न पाठकहरूलाई प्रेरणा दिने, यो भाषामा रुचि बढाउने र पाठक संख्या बढाउने आदि यसका प्रकाशकहरूको उद्देश्य भएको बुझिन्छ । यही उद्देश्यले अझ प्रेरित भएर मोतीराम भट्टले यसको लगत्तै लघु पुस्तिकाको आकार दिएर 'गजेन्द्रमोक्ष', पञ्चक प्रपञ्च' (पद्यमा) तथा 'स्वप्न प्रकाश, शकुनौती' (गद्यमा) छपाएर प्रचार गरे । यी पुस्तिकाहरूबाट उक्त उद्देश्य केही पूरा भएको बुझिन्छ ।

गोरखापत्रभन्दा चार महीना पहिले दार्जीलिङबाट पादरी गंगाप्रसाद प्रधानको सम्पादनमा निस्केको 'गोर्खे खबर कागत्' हो । यसको मुख पृष्ठमा 'मासिक समाचारपत्र' भनिएको छ । नेपाली भाषामा प्रकाशित भए तापनि यसको उद्देश्य चाहिं किश्चियन धर्मको प्रचार गर्नु थियो । तथापि नेपाली भाषा प्रचार गर्ने मोतीरामको उद्देश्यलाई पनि यसले केही हदमा पूरा गऱ्यो ।

संवत् १९५८ मा 'गोरखापत्र' को प्रकाशन भैसकेपछि बनारसबाट श्री एस. एस. शर्माको सम्पादनमा "उपन्यास तरङ्गिणी" (मासिक १९५९) प्रकाशित हुन्छ । यस पत्रिकाको उद्देश्यलाई पत्रिकाको नामले नै स्पष्ट पार्छ । 'उपन्यास तरङ्गिणी' आकार प्रकारमा सानो भए पनि ".....यस पत्रिकामा नाना तरहका उपन्यासहरू प्रकाशन हुन्या छन्....." भन्ने घोषणा गर्दै निस्कन्छ र यसले नेपाली भाषाका पाठकहरूलाई अनौठा लाग्ने खालका उपन्यास-हरू धारावाहिकरूपमा पढाउँछ, अनि उपन्यास पढ्ने रुचि बसाल्छ । यसका सम्पादक सदाशिव शर्मा अधिकारी हुन् र उनको 'महेन्द्रप्रभा' उपन्यास पनि यसैमा प्रकाशित भएको हो । अनौठाखालका उपन्यासहरू धारावाहिकरूपमा प्रकाशन गर्दागर्दै पनि पाठकहरू नपाएर "आज हाम्री मातृ (गोरखा) भाषा जगत्मा आधार नपाई रुंदि छंदि घर २ सरण माग्दै फिर्दछिन्....." भन्ने गुनासो गर्दै यो पत्रिका देखिन छोड्छ । प्रकाशन गर्ने मानिस भए पनि पढ्ने मानिसको अभावमा पत्रिकालाई मुख लुकाउन बाध्य हुनुपर्छ । यही बाध्यताले गर्दा 'उपन्यास तरङ्गिणी' बन्द हुन्छ । यसरी निस्किए तापनि पाठक नपाएर बन्द हुनुपर्ने शैशिक चेतनाको अभावले ग्रस्त समाजमा तत्कालीन नेपाली पत्र-पत्रिकालाई यसको भूमिका नेपालभित्रैबाट प्राप्त हुन्छ ।

नेपालको राजनीतिक इतिहासमा कोतपर्वको हत्याकाण्ड मच्याएर सत्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अधिग्रहण गरी नेपालीहरूका आँखा बन्द गर्ने जंगबहादुरको अन्त्यपछि उनका भाइ रणोद्दीप सिंह अधि सर्छन् । यिनी शासक भएर पनि अति उदार एवं धार्मिक प्रकृतिका व्यक्ति थिए । प्रजाहरूप्रति यिनको दयाभाव थियो । धर्मका पक्षपाती रणोद्दीप सिंहले नेपाली समाजमा शास्त्रीय मर्यादा आवश्यक ठानेर १९३४ साल-मा रानीपोखरी नजीक 'संस्कृत पाठशाला, खोले । नेपालमा दिङ्नागको संस्कृत पाठशालापछि यो दोस्रो संस्कृत पाठशाला हो । प्रारम्भमा यसमा पढ्नेहरूको संख्या ज्यादै कम थियो । १९४२ सालमा अर्को हत्याकाण्ड मच्चाएर वीरशमशेर सत्तामा आउँछन् । यिनको शासनकालमा तीनधारा संस्कृत छात्रावासको स्थापना हुन्छ । यस छात्रावासमा वसेर शिक्षित भएका विद्यार्थीहरू तिनताक बनारसमा गएर परीक्षा दिएपछि मात्र दीक्षित हुन्थे ।

यही भूमिकामा परीक्षादिन बनारस गएका विद्यार्थीहरू (सोमनाथ सिग्देल, चक्रपाणि चालिसे, लेखनाथ पौडेल, देवीदत्त पराजुली आदि) बाट 'काशी हितचिन्तक प्रेसमा छापी प्रकाश भयो' भन्दै सुन्दरी (मासिक) पत्रिका निस्कन्छ । यसका म्यानेजर गंगादत्त शर्मा हुन् । यस पत्रिकाको उद्देश्य कविता छपाउने, समस्यापूर्ति छपाउने र धेरै जनतालाई कविता लेख्न उत्साह दिने भएको बुझिन्छ । यसमा रसिक शृंगारिक कविताहरू छापिएका छन् । कविता छपाउने उक्त नेपाली विद्यार्थीहरू हुन् । यिनीहरूले आफूलाई 'रसिक समाज' भनेको कुरा सुन्दरीका मुखपृष्ठले नै बताउँछन् । कवि शिशरोमणि लेखनाथको 'वियोगिनी विलाप' नामक कविता सर्व प्रथम यसै पत्रिकामा प्रकाशित भएको हो । यसपछि बनारसबाटै १९६५ सालमा श्री पं. मातृ प्रसाद शर्मा नामधारी व्यक्तिको सम्पादनमा "माधवी" मासिक पत्रिका निस्कन्छ । माधवीले आफ्नो पहिलो 'सम्पादकीयमा' भनेको निम्न कुराबाट यसको उद्देश्य र विधेय स्पष्ट हुन्छ– "हामरी नेपाली भाषामा न कोइ वेश व्याकर्ण छ । न कोइ वेश कोष छ न कोइ विशेष उपयोगी विषयका पुस्तकहरू छापिएका छन् । ती सब अभावको पनि यथासम्भव पूर्ति गर्ने विचार गरदछु ।" "यी पत्रिकामा राजकीय (नेपाल र वृटिश) सम्बन्धमा केही विचार रहने छइन । न कुनै राजकीय विचारको आलोचना रहने छ ।" नेपाली साहित्यमा र नेपाली भाषामा लेखा कार्य गर्ने लक्ष्य राखेर प्रकाशित भएका माथिका सबै पत्र पत्रिकाहरूले नेपालीको सेवा गर्न धेरै पाउन्न् । दिन दशाले गर्दा छोटो आयु लिएर उदाउँछन् र अस्ताउँछन् । तर आफ्नो छोटो जीवनमै पनि यी पत्रिकाहरूले नेपाली भाषा र साहित्यको जे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जति सेवा गरे त्यो नेपाली साहित्यको इतिहासमा कहिल्यै न अस्ताउने विहानको मिर्मिरे बनेर रहिरहन्छ । यस्तै उद्देश्यले प्रेरित भएर नेपाल बाहिर निस्कने अरू पत्रिकाहरू यी हुन्:–

१. 'छात्र' १९५० (वार्षिक) सम्पादक श्री भरतमणि शर्मा बनारस
२. "गोर्खाखबर" १९७० (साप्ताहिक) सम्पादक श्री सूर्य विक्रम बनारस ।
३. "चन्द्र" १९७२ (मासिक) सम्पादक श्री माधव प्रसाद बनारस ।
४. "गोर्खाली" १९७२ (साप्ताहिक) सम्पादक श्री सूर्य विक्रम बनारस ।
५. "चन्द्रिका" १९७२ (मासिक) सम्पादक श्रीपारसमणि प्रधान खर्स्याङ ।
६. "गोर्खाली १९७६ (साप्ताहिक) सम्पादक श्री मणिसिंह गुरुङ बनारस ।
७. "जन्मभूमि" १९७९ (मासिक) सम्पादक श्री सूर्य विक्रम ज्ञवाली बनारस
८. "गोर्खा संसार"१९८३ (साप्ताहिक) सम्पादक श्री ठाकुरचन्दन सिं देहरादून
९. "राजभक्ति" १९८३ (साप्ताहिक) सम्पादक आशुकवि शम्भुप्रसाद बनारस ।
१०. "तरुणगोर्खा" १९८५ (साप्ताहिक) सम्पादक श्री ठाकुरचन्दन सिं देहरादून
११. "आदर्श" १९८६ (मासिक) सम्पादक– श्री ठाकुरचन्दन सिं देहरादून
१२. "नेपाली साहित्यसम्मेलनपत्रिका"१९८८ (वार्षिक) पद्मप्रसादप्रधान दार्जिलिङ

उक्त पत्रिकाहरू मध्येकसैले "यसका कविता, उपयोगी लेख, अनि छपाई इत्यादि यस पत्रका मूल्यका अनुसार सन्तोषजनक छ" भने । कसैले "... विद्या र बुद्धि बढाउनमा हाम्रा भाषा कसै भन्दा कमती छैनन्...." भने । कुनैले "..... जबसम्म भाषाको उन्नति हुँदैन तब सम्म कुनै प्रकारको उन्नति हुँदैन.." भन्ने लेखे र कुनैले "राजनैतिक सुधार नभए सम्म प्रजाको अवस्था सुध्रन सक्दैन" भन्ने छापे । यसरी आफ्नो आफ्नो उद्देश्य लिएर कर्तव्य क्षेत्रमा संकल्परत उक्त पत्रिकाहरू कसैले पनि दीर्घ जीवन पाएनन् । एक किसिमको क्षयरोगले यी सबैलाई सतायो र सिध्यायो तथापि बाँचुञ्जेल सम्म उक्त पत्रिकाहरूले नेपाली भाषा र साहित्यमा जति सेवा पुऱ्याए त्यसले यी सबै पत्रिकाहरूको स्थान महत्वपूर्ण छ । यिनै पत्रिकाहरूको सेवा नै आधुनिक नेपाली साहित्यको भूमिका हो ।

(ख) नेपाल मित्र निस्कने ।

नेपाल मित्र निस्केका पत्रपत्रिकाहरूमा "गोरखापत्र" भन्दा जेठो "सुधा सागर" देखिन्छ । यो पं. नरदेव मोतीकृष्ण शर्माको सम्पादनमा पाशुपत छापाखाना मा मुद्रित भएर सम्वत् १९५५ मा निस्केको पहिलो मासिक पत्रिका हो । यसले नेपाल मित्रबाट निस्कने पत्र पत्रिकाहरूमा जेठो भएर जति नाम चलायो त्यति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काम गरेर चलाउन सकेन । माहिलो भएर जन्म लिएको "गोरखापत्र" चिरञ्जीवी हुन सकेकाले हाल सर्वभन्दा जेठो बनेको छ । यसले गरेको धेरैकाम लेखन अझै बांकी छ । जति गऱ्यो त्यो सबै लेखेर पूरा हुने हैन किनभने यसले काम गर्न पनि अझै धेरै बांकी नै छ । गोरखापत्र पछि तेस्रो नम्बरमा नेपाल भित्रै सम्वत् १९९१ साल-मा "शारदा" मासिक पत्रिकाको प्रकाशन हुन्छ– सु. ऋद्धिबहादुर मल्लको सम्पा-दनमा । शारदाको सेवामा संलग्न भएर यसले आफ्नो उद्देश्य विस्तार गर्छ, विधेय व्यापक बताउँछ र संकल्प पूरा गर्छ । नेपाली साहित्यका कवि शिरोमणि यसलाई भेट्टाएर हर्षले गद्गद् हुन्छन् ।[1] महाकवि लक्ष्मीप्रसाद पनि "शारदा" को प्रसाद पाएर सरस्वती प्रसाद बन्छन् । नाटककार बालकृष्ण सम मन्मय बन्छन्, शारदा तन्मय हुन्छ । यसरीं आधुनिक नेपाली साहित्यका महारथीहरूलाई पछि लगाउने "शारदा" नेपाली साहित्यका विभिन्न विधाहरूको प्रकाशनमा गोरखापत्रलाई उछिनेर आफै जेठो बन्छ । यस रूपमा आफू नै पहिलो भएकोले होला आफू भन्दा पहिले जन्मेको जेठो गोरखापत्रलाई उछिनेर दर्ता नम्बरले दोस्रो देखाउँछ । यसप्रकार आधुनिक नेपाली साहित्यको विकासमा "शारदा" को विशेष योगदान छ र महत्वपूर्ण स्थान छ ।

५. गोरखापत्र र नेपाली भाषा–

गोरखापत्रमा छापिएको नेपाली भाषा तत्कालीन प्रभाववाट प्रभावित छ । त्यतिवेलाको गोरखापत्रका समसामयिक कविहरू राजीवलोचन जोशी, शिखरनाथ सुवेदी आदि छन् । यी कविहरूका कवितामा देखिने र लेखिने भाषा[2] गोरखापत्रको नेपाली भाषा हो ।

"सम्पूर्ण प्राणीहरू सुख्ख पाउन्.....कोही पनी दुःख नपाउने हुन्" भन्ने घोषणालाई आफ्नो अभिप्राय ठान्ने गोरखापत्रको अध्ययनवाट नेपालको तराई तिर बोलिने नेपाली भाषा प्रति पनि यसले समान व्यवहार राखेको देखिन्छ ।

---

१. अतिशय रास्रो पारें फेला ।
शारद अरुणोदयको वेला ।। लेखनाथ, शारदा १।१

२. 'गा' को दक्षिण पाउ भाँचि झिकिकान् चुल्ठो लगाउ 'ज' मा ।
चूचो भाँचि 'च' को निमोठि लखकान् थुपक्क लाउ 'ल' मा ।
चोर् नाङ्गो गर सब् 'न' राख विचमा 'व' मा पुछर् लाइद्यौ ।
'व' माटोपि लगाई अक्षर झिकी कुन् नाम हो जानि ल्यौ ।।–'राजीवलोचनकवि,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तापनि नेपाली भाषामा एकरूपता नदेखेर होला–गोरखापत्रले प्रकाशनको दश वर्षको अवधिभित्रै दुई पल्टसम्म सम्पादकीय लेखेर नेपाली भाषाको सुधार गर्नुपर्ने संकेत गरेको छ। जुन कुरा १९६६ सालको माघमा प्रकाशित भाग ९ संख्या ३७ को सम्पादकीयमा "मातृभाषाको उन्नति" भन्ने शीर्षक दिएर "विद्वान्हरू आफ्नो भाषाको उन्नति गर्न लागुन्, पराई मुख न ताकुन्" भनिएको र भाग ९ संख्या ३७ को सम्पादकीयमा "बोलीको संस्कार" शीर्षकमा "कविता लेख्ने महाशयहरूलाई बोली (भाषा) को संस्कार गर्नु आवश्यक छ" भनिएकोबाट स्पष्ट हुन्छ। यही क्रममा हरिहर आचार्य दीक्षितको "विद्या र गोरखाभाषाको दुर्दशा"[1] भन्ने निबन्ध र राममणि आचार्य दीक्षितको "माधवी" मा प्रकाशित "कविता रीति"[2] निबन्धले नेपाली भाषा र साहित्यमा व्यापक सुधार गर्नु पर्ने बताएका छन्।

यसरी नेपाली भाषामा हलन्त बहिस्कार आन्दोलन शुरू हुन्छ। विस्तारै कवितामा यस आन्दोलनले सुधार पनि ल्याउन थालेको देखिन्छ। यति बेला नै नेपाली भाषाको सुधार गर्नु पर्ने आवश्यकता महसूस गरी पण्डित हेमराज पाण्डेको "चन्द्रिका" (१९६९) नेपाली व्याकरण निस्कन्छ। "चन्द्रिका" ले नेपाली भाषाको संस्कार गर्नु पर्ने आवश्यकतालाई केही पूरा गर्छ। यस पछि सोमनाथको "मध्य चन्द्रिका" ले नेपाली भाषालाई निश्चित बाटो देखाउँछ। यही बाटो मूल सडक बन्छ। अनि यसै सडकमा नेपाली साहित्यको रथयात्रा हुन्छ।

६. गोरखापत्रमा नेपाली साहित्य–

गोरखापत्रको प्रकाशन सम्वत् १९५८ देखि १९९१ सम्मका ३४ वर्षको समय माध्यमिक नेपाली साहित्यको उत्तरार्ध हो। यस समयका गोरखापत्रको अध्ययन गर्दा नियमित रूपमा प्रकाशित दुई स्तम्भ देखिन्छन्। यिनै "देश समाचार" र "देशान्तर समाचार" स्तम्भ अन्तर्गत गोरखापत्रले साहित्य सेवा गरेको छ। "गोरखा पत्रिकामा छापने" भनेर दिइएको निर्देशन अनुसार 'देश समाचार' मा सरकारको सवारी तथा बढाई चढाई बाहेक अरू केही छापिएको छैन। कहिले काहीं "एडिटरको राय" भनेर छापिने गरेको सम्पादकीय मा गोरखापत्रका तर्फबाट आत्मरपक निबन्ध जस्तै लामा छोटा लेख छापिएका देखिन्छन्। "खेतीपाती

---

१. हरिहर आ.दि. विद्या र गोरखा भाषाको दुर्दशा, "सयपत्री" "सं. डा. ईश्वर वराल

२. राममणि आ. दि. 'कविता रीति, "सयपत्री" ऐ. ऐ.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय, इलम विषय, धर्म, उन्नतिको असल असल कामको किताबको उल्थागरी छाप्नु ।" "बेंकटेश्वर, बंगवासी छापाको असल असल कुरा उल्था गरी छापी दिनु ।" दुनियाँको बदचलन फतुराखर्चबाट दिल हटाउने राय छाप्न हुन्छ ।" भन्ने निर्देशन अनुसार "देशान्तर समाचार' स्तम्भ अन्तर्गत राखी नेपाली शैलीमा उतारेर प्रसङ्ग मिलाई त्यसैलाई आत्म प्रकाशनको माध्यम समेत बनाउँदै गोरखापत्रले साहित्यको सेवा पनि गरेको पाइन्छ । यसरी छिपेर आफूमाथि आउन सक्ने अवगालगाट जोगिएर यसले जे जति गर्न सक्यो त्यसैमा सन्तुष्ट भएर यसलाई जस दिनु पर्छ । अर्को एउटा कुरा प्रष्टव्य के छ भने यसरी छापिने गरेका रचनाहरू प्रायः अनूदित भएकाले हो वा अरू कुनै कारणले हो लेखकको नाम भने सितिमिति छापिएको देखिन्न । अनुवाद गरिने केही अखबार पत्र पत्रिकाहरू हिन्दी भाषाका "बेंकटेश्वर, बंगवासी, फौजी, आज, सरस्वती, कल्याण कल्पवृक्ष आदि छन् । प्राय गद्य तर्फ अनूदित रचनाहरू देखिन्छन् तथापि कविता भने मौलिक नै छन् ।

(क) कविता

मोतीराम युगको उज्यालोमा हिड्ने कविहरू राजीवलोचन जोशी, होम नाथ खतिवडा, शिखरनाथ सुवेदीकै कविताको शैलीमा गोरखापत्रले कविता छाप्ने गरेको देखिन्छ । कविताभा बोल्नेलाई कवि भन्दछन् । सधै कवितामा कुरा गर्ने गोरखापत्रलाई त अझ महाकवि नै भन्नुपर्ला । गोरखापत्रले जन्मना साथ कवितामा बोल्दै यसरी आशीर्वाद दिन्छः–

"निरोगी सबै हुन् सबै हुन् सुखीया
सबै वेस देखुन्, नहुन् क्वै दुखीया ।
सबैको यसै पत्रले हात् सुहाओस् ।
सधै हर्षले दिल् सबैको भराओस् ।"

हाम्रो समाजमा यस्तो आशीर्वाद दिने आफन्तमात्र हुन्छन् । गोरखापत्रले समस्त पाठकहरूलाई आफन्त सम्झन्छ । सबैलाई आशीर्वाद दिन्छ । यत्तिले उसलाई अझै पुग्दैन । चार पटक भेट गरिसकेपछि पाठकहरूलाई गोरखापत्रले आशीवार्दका लहरहरू यसरी बढाउँछः–

सम्पूर्ण प्राणीहरू सुख्ख पाउन् ।।
रोगादि सबका पनि जाइ जाउन् ।।
सब् प्राणीले मंगल मात्र देखुन् ।।
कोही पनि दुःख नपाउने हुन् ।।"

यस प्रकार गोरखापत्रले आशीर्वाद दिन लाग्यो । बोली भाका फेर्दै गरे पनि आशीर्वाद दिइ नै रह्यो । दिंदै आयो, अझै दिंदैछ र यो आशीर्वाद पछिसम्म पनि दिइरहने संकल्प गरेको छ । आशीर्वाद मात्र दिएर गोरखापत्रलाई पुग्दैन । दोस्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षदेखि[1] यसले आफ्नो विज्ञापन पनि कवितामा गर्न लाग्छ । कविता पाठकलाई छिटै हृदयग्राही हुन्छ भन्ने कुरा उसै वेला गोरखापत्रले बुझेको थियो । "श्री गणेशाय नमः" शीर्षक दिएर लेखन लागिएको यस कविताका दुई सिलोकमा आफ्नो प्रचारका साथसाथै मुलुकको उन्नति गर्न ठूलो उत्साह गर्नु पर्ने कुरा बताइएको छ । दशवर्ष सम्म लगातार गरिएको यस विज्ञापनले पनि अझै गोरखापत्रलाई सन्तोष हुँदैन । बाह्र वर्ष पुगे पछि पहिल्लो पृष्ठमा "हेपृथ्वमहाशय हो ।'[2] भनेर सम्बोधन गर्दै मालिनी छन्दमा आफ्नो विशेषता बताउँदै छ वटा सिलोक छापेर पाठकहरूको कृपा दृष्टिका निमित्त आशा राख्छ र आफूलाई शुभ चिन्तक हुँ भन्ने दावा गर्छ ।

यसरी वेला बखतमा मौका हेरी कवितामा आशीवार्द दिने, शुभ कामना गर्ने, विज्ञापन गर्ने, विशेषता बताउने, प्रशंसा गर्ने, बिन्ति बिछाउने गोरखापत्रले समय समयमा अरु पनि धेरै ज्ञान, ध्यान भजन, कीर्तन, सम्मान, तथा मनोमानका कुरा पनि सरल, सरस र सुन्दर कवितामा बताएको छ । यतिमात्र न भएर पाठकहरूलाई समसामयिक विभिन्न विषयमा सचेत गराउनु, शासक श्री ३ को प्रशंसा र चाकडी गर्नु तथा समस्यापूर्ति एवं मनोरञ्जनका साथसाथै अर्ती, उपदेश दिनु, प्रार्थना गर्नु र वेदान्त चिन्तन गर्नुपनि तत्कालीन गोरखापत्रका कविताको विषय वस्तु भएको देखिन्छ ।

(ख) नाटक

नेपाली साहित्यमा गोरखापत्रको योगदान श्रव्यकाव्य तर्फ मात्र होइन दृश्यकाव्य तर्फ पनि रहेको देखिन्छ । दृश्य काव्यको अभिनयबाट अपठित समाजले पनि साहित्यिक आनन्द लिन सक्छ भन्ने कुरालाई "गोरखापत्र" ले बुझेको देखिन्छ । यद्यपि राणा शासनको भयावह परिस्थितिमा अभिनय गरेर नेपाली जनताले नाटक हेर्न सकेनन् किन भने जनताले राणाहरूकै पतनोन्मुखी अभिनय हेर्न वाध्य हुनु परेको कुरा स्पष्ट छ, तथापि रामायणलाई आधार बनाएर लेखिएको "उत्तर रामचरित" नाटकलाई संस्कृतबाट अनुवाद गरी छापेर पाठकहरूलाई संवादात्मक शैलीको पाठ पढाउन गोरखापत्र पछि परेको छैन ।

प्रकाशनको प्रारम्भ भएको अठार वर्ष पछि सम्वत् १९७६ सालमा आएर प्रकाशित भएको 'उत्तर रामचरित' को नेपाली अनुवाद साहित्यिक दृष्टिले महत्वपूर्ण देखिन्छ । अनुवादकर्ताको नाम नभएको र पूरा नछापिएको भए

---

१. (भाग २, संख्या १२)

२. (भाग १२, संख्या १० देखि)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि नाटकको प्रारम्भमा नान्दी पाठ पछि रंगभूमि तर्फ पाठकहरूलाई पुऱ्याउँदै सूत्रधारले सुनाएको नाटकको भाषा यस्तो छः–

"(विस्तारो विस्तारो चारैतिर आँखा दौडाउँदै सूत्रधार आउँदछन्) सूत्रधार – अहा ! आजको सन्ध्या पनी क्याही आनन्दलाई दिने जगतमा प्रकाश भएको रहेछ । चारैतिर बडाबडा विद्वान्, गुणज्ञ, रसिक, वीरहरू एकत्र भयिरहेका छन् । म अनुमान गर्दछु कि सबैको इच्छा कुनै मनोहर देशोपकारक नाटक हेर्नाको भयो होला । धन्य विद्याको प्रकाश धन्य उन्नतिको दिव्यचक्षु ! जहाँका मानिस पहिले नाटक कुन चराको नाउँ हो भन्ने सम्म पनि थाहा पाउँदैनथे, भला सोही ठाउँमा अब मानिसहरूको इच्छा यसतिर ता प्रवृत्त भयो, हामिहरूका निमित्त यो पनी कम सौभाग्यको कुरो होइन । विस्तारो विस्तारो सबै कुराको उन्नति हुँदै आउँदो रहेछ । विस्तारो विस्तारो सबै चीज बन्दै आउँदो रहेछ, सन्सारै विस्तारो विस्तारो हिंडी रहेहेछ, जमाना विस्तारो विस्तारो चाल मारी रहेछ, घडी विस्तारो विस्तारो चल्दछ, विस्तारो विस्तारो सूर्य उदाउँछन्, विस्तारैसंग आयु जान्छ । विस्तारो विस्तारो झोपडीबाट घर बन्दछ, महलबाट राज प्रासाद हुन्छ । विस्तारै सित गाडाबाट एक्का, एक्काबाट वग्गी, वग्गीबाट रेल भएको छ । विस्तारो विस्तारो असभ्यबाट सभ्य भएका छन् । विस्तारै संग चट्टीबाट पाठशाला, पाठशालाबाट स्कूल, स्कूलबाट कालेज भएको छ । विस्तारो विस्तारो वर्णमाला पढी आचार्य पदवी पाइन्छ । विस्तारै सित सिढी चढी सकिन्छ । विस्तारो विस्तारो दीयोबाट बिजुली बत्ती भएको छ।विस्तारै संग नाउबाट बडा बडा लडाका जहाज तयार भए । सबै कुरा विस्तारै हिसाबले उन्नत अवस्थामा प्राप्त हुन्छन् । हतपतले कदापि केही कुरा हुन सक्तैन । नाङ्लोमा भटमास राखी बेचेनेले चाँडै नै महल तयार गरूँ भनि कहिल्यै होइ सक्तैन । अघी गद्य पद्य दुवै तरहका कविताको कुन हालत थियो अहिले कुन हालतमा प्राप्त भएको छ, अझ झन् कस्तो हुँदै जाला । अघी दुईचार जना जम्मा भई नाटकको स्वाङ निकाल्दथे, अब नाटकले कुन रूप धारण गरीरहेछ । जहाँ यौटा घर हुन्छ वहाँ शय घर पनी हुन सक्छ, जहाँ एक मानिस रहन्छ वहाँ शय मानिस पनी रहन्छन् । जहाँ अन्धकार जान्छ वहाँ प्रकाश पनी पुग्दछ । गोरेटो सडक हुन्छ । गाउँ शहर बन्दछ । लडको जवान हुन्छ । नदी सागरको रूप लिन्छ । पश्चिमको मानिस पूर्व पुग्दछ । फेंदीको चीज शिखरमा देखिन्छ । यो सबै विस्तारो विस्तारोका कर्तव्यको नमूना हो, हामी पनि प्रतिज्ञाशाली विद्वान् शासनकर्ताका छायामा रही अलौकिक आनन्दको सुख भोग्दै उन्नतिका शिखरमा पुगी जीवनको सफलता अवश्य प्राप्त गरूँला शनैः शनैः सबै कुरा हुन्यै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ ।.....[1]" इत्यादि गद्य र पद्यमा देखा परेको भाषा र भनाईले नेपाली जनताको अवस्थिति र परिस्थितिलाई गोरखापत्रले साक्षात्कार गरेको स्पष्ट हुन्छ ।

(ग) उपन्यास

नेपाली साहित्यको माध्यमिककालमा लेखिएका नेपाली उपन्यासहरूको स्रोत वा आधार संस्कृतका आख्यान, उपाख्यान, प्रेमाख्यान तथा फारसी र उर्दूका जासूसी, तिलस्मी उपन्यासहरू हुन् । यिनै उपन्यासहरूको पृष्ठभूमि र प्रभावमा 'गोरखापत्र' ले धारावाहिकरूपमा केही उपन्यासहरूको प्रकाशन गरेको छ । यस्ता उपन्यासहरू बढी– आख्यानात्मक र तिलस्मी खालका नै छन् - गोरखापत्रमा प्रकाशित पहिलो उपन्यास "कथा"[2] हो । लेखकको नामविना छापिएको यस उपन्यासलाई 'कथा' भन्ने शीर्षक दिइएको भए पनि उपन्यास भन्न सुहाउँदो छ । यसको कथानक भने पौराणिक छ । महर्षि– जैमिनि र व्यासको संवाद भएको यस उपन्यासको एक खण्डमा मनोभद्र नाम गरेका चन्द्रवंशी राजाले जेठो छोरालाई राज्य दिन लाग्दा सुखोत्सव हेर्न एक गिद्ध आउँछ र उनीहरूको दुःखमय पूर्व इतिहास बताउँछ । उपन्यासको कथामा गति छ र नेपाली पन छ । भाषा सरल र सहज छ ।

गोरखापत्रले प्रकाशित गरेको दोस्रो उपन्यास" वीर मालोजी भोसले"[3] नेपालीमा लेखिएको पहिलो ऐतिहासिक उपन्यास हो ।यसको कथा मुसलमानबादशाह र चित्तौडका राजाहरूको युद्धमा आधारित छ । खासगरेर भोसले थर भएका क्षत्रिय वीर मालोजीको वीरतापूर्ण इतिहास यसमा छ । यिनी मुसलमानको विरुद्ध विचारका देखिन्छन् । यसमा उनको विवाहसम्मको कथा मात्र भएकोले अपूर्ण जस्तो लाग्छ । सम्पादकीय स्तम्भमा प्रकाशित यस उपन्यासका लेखकको नाम नछापिएको भए पनि राजनीतिक विचारलाई औपन्यासिक रूप दिइएकोले यसलाई राजनीतिक उपन्यास पनिभन्न सकिन्छ।यसको भाषा प्रवाहमय एवं सरलछ।

गोरखापत्रमा धारावाहिकरूपमा छापिएको तेस्रो उपन्यास "नरदेव"[4] नैतिक एवं आदर्शवादी उपन्यास हो । यसमा कुशल एवं चतुर बुद्धि भएका एक

---

१. गोरखापत्र, भाग ३, संख्या १४, मिति १९६० साल श्रावण २६ गते सोमवार
२. गोरखापत्र भाग ४ संख्या ७ मिति १९६१ साल आषाढ ७ गते सोमवार ।
३. गोरखापत्र भाग ४, संख्या २१, मिति १९६१ साल आश्विन २१ गते सोमवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मण नरदेवको चरित्रको वर्णन गर्दै उनको इमान्दारी, सदाचार, कर्तव्य निष्ठा, राजभक्ति र सुचरित्रताको चित्रण गरिएको छ । यिनै गुणले गर्दा नरदेव राजा लोकपालको देवान हुन सकेका छन् । उपन्यासको आधार क्षेत्र भारत छ । यसको भाषा सुन्दर, सरल तथा सरस छ ।

गोरखापत्रमा प्रकाशित चौथो "यम पञ्चक–प्रपञ्च"[1] त्यस वेलाका उपन्यासहरूमध्ये राम्रो र नेपालीहरूकै यथार्थ घटनामा लेखिएको मौलिक उपन्यास हो । यसलाई सुधारवादी पहिलो उपन्यास भन्नुपर्छ । यसमा जुवाडेहरूलाई कुव्यसनबाट हुने हानि देखाई त्यसबाट जोगिने सल्लाह दिइएको छ । यसको भाषा सरल बोलीचालीको छ । शैली र कथोपकथन स्वाभाविक छन् । विषय-वस्तु प्रतिपादन गरिसकेपछि गोरखापत्रले आफनो तर्फबाट गरेको उपन्यासको उपसंहारबाट यसका लेखक गोरखापत्रका म्यानेजर नायव डिठ्ठा द्वारिकानाथ उपाध्याय रहेछन् भन्ने ध्वनित हुन्छ । उपन्यासको समापन यसरी गरिएको छः–

"येस्ता येस्ता कलीका परिपञ्च देखि गोरखापत्र पश्चाताप गर्दछ । यस्तो परिपञ्चमा धेरै दुनियाँ हरुको मन गएको देखेर गोरखापत्र अखवार प्रकाश गरिदिया मुलुकको हालखवर पनि थाहा पाउलान्, चाल चलन जानलान्, इलम गरेर धन पनि कमाउलान् भनेको हो त्यसको विचारै नराखीकन कोही गफ हो भन्छन्, कोही महंगो यो (हो) भन्छन् गफ गर्न पनि कसरी गरेदेखि इलम सिकेर धन जम्मा हुँदो रहेछ महँगो के कारण गरदा रहेछन् यस कुराको वासिल बाँकी कोही गरिँदैनन् खालि जुवा खेलेर धन कमाउँला भन्ने उमेदराखी अर्काको धन जन ताकेको देख्दाखेरी क्यावात् कलिको परिपञ्च भनी गोरखापत्रले पनि नमस्कार गर्दछ भनि यस "पञ्चक प्रपञ्च" उपन्यासलाई विदागरेरको हुनाले हाम्रा यस कारखानाका प्रोपाइटर श्री राजा जयपृथ्वीवहादुर सिंहका आज्ञानुसार म्यानेजर नायवडिठ्ठा द्वारिकानाथ उपाध्यायले पनि खतम गरिदिए ।"

पाँचौं उपन्यास "नौलखाहार"[2] सुधारवादीउपन्यास हो । यसको घटनास्थल भने नेपाल वाहिर भए जस्तो बुझिन्छ । उपन्यासको कथावस्तु एक बहुमूल्य हारसित जोडिएको छ । यो हार हराउँछ र गायव हुन्छ । उपन्यासको दोस्रो परिच्छेदमा पुगेपछि अर्को नक्कली हार फेला पर्छ । यसको भाषा, शैली सरल तथा सुन्दर छ ।

---

१. गोरखापत्र भाग ५, संख्या ५, संवत् १९६३ साल असोज ।

२. गोरखापत्र भाग १०, संख्या ४३, संवत् १९६७ साल फागुन २३ गते सोमवार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखापत्रको छैठौं उपन्यास "माया नाम्नि नदीका तीरको कायापुर"[१] हो । यो नैतिक शिक्षाप्रद एवं दार्शनिक उपन्यास हो । धारावाहिकरूपमा प्रकाशित यस उपन्यासमा दार्शनिक विचारलाई प्रतीकात्मकरूपमा प्रस्तुत गरिएको छ । यसको विषय सांसारिक मोह, विषय–वासना, सुख आदि सब क्षणिक हुन् र काम, क्रोध, लोभ, मोह, मद आदिले युक्त भएको कायापुर मायानाम्नी नदीका तीरमा रहेकाले नाशवान् छ भन्ने हो । उपन्यासको अध्ययनबाट उक्त सांसारिक सबै किसिमका सुख र दुःख यही अनित्य शरीरबाट अनुभव गरिन्छन् । शरीर वेगवती नदीका तीरमा रहेको वालुवाको शहर जस्तै नदीले नवगाउँदासम्म राम्रो देखिन्छ र त्यस्तो कायापुर क्षणिक छ भन्ने बुझिन्छ । प्रस्तुत उपन्यासमा यसै विषयलाई प्रतीकात्मक ढङ्गले लेखिएको कुरा उपन्यासको नामले नै स्पष्ट बताउँछ । हाम्रो शरीर भित्रका सम्पूर्ण इन्द्रियहरू तथा सत् असत् कार्यकर्ता सदस्यहरू यस उपन्यासका पात्र बनेका छन् । उपन्यासको भाषा ज्यादै सरल, सरस तथा कुतूलहताकासाथ अघि बढ्छ । अभिव्यक्ति र शैली साहैं सुन्दर छन् ।

यसै गरी गोरखापत्रमा प्रकाशित 'कर्मको गति'[२], भाग्यवादी उपन्यास हो । "विचित्र जासूसी (भयंकर खून,[३] "प्रेमकान्ता"[४], "सुखी कुटुम्ब"[५] र "लोपामुद्रा"[६] उपन्यासहरू पनि सामाजिक एवं सुधारवादी छन् ।

यसरी गोरखापत्रले निष्ठावान्, उच्चस्तरीय, बुद्धिजीवी पाठकहरूको अभाव भएको तत्कालीन समाजमा रसिला, मनोरञ्जनप्रधान उपन्यासहरूको प्रकाशन गरी ग्राहकहरूलाई पढ्ने प्रवृत्ति बढाउनकासार्थ केही पौराणिक कथावस्तुमा आधारित, केही नैतिक शिक्षाप्रद र केही सामाजिक सुधारवादी उपन्यासहरू धारावाहिकरूपमा पढाउँदै आएको छ ।

(घ) कथा—

संस्कृतका आख्यान, उपाख्यान तथा फारसी र ऊर्दू भाषाका जासुसी तिलस्मी उपन्यासहरूको आधार–परम्पराको पृष्ठभूमिमा गोरखापत्रले नेपाली

---

१. गोरखापत्र भाग १३, संख्या ४७, संवत् १९७० साल, चैत्र १० गते सोमवार ।
२. " भाग १४, संख्या २२, संवत् १९७१साल आश्विन ५ गतेसोमवार।
३. " भाग १४, संख्या ३२, संवत् १९७१ साल मार्ग २९ गते सोमवार ।
४. " भाग १९, संख्या ४१, संवत १९७६ साल माघ २७ गतेसोमवार ।
५. " भाग २१, संख्या१८ संवत १९७८ सालश्रावण ३१ गते सोमवार।
६. " भाग २७, संख्या ४२, संवत १९८४ साल फागुन २ गते सोमवार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यलाई सवभन्दा बढी कथाहरू नै दिएको छ । सवभन्दा बढी झुकाउ कथातिर हुनुमा गोरखापत्रले आँपनो व्यावसायिक उद्देश्य राखेको बुझिन्छ ।

यस्ता कथाहरू मनोरञ्जनात्मक, नैतिक एवं जासूसी खालका समेत गरी धेरै छन् । यी कथाहरू प्रायः अनूदित (केही मौलिक पनि) हुनाले कथाकारको नाम दिइएको छैन । कुनै कुनै कथा लेख्नुभन्दा पहिले कथाकारहरूको छोटो परिचय र कथाको स्रोत पनि बताइएको छ । जस्तै– १९६८ साल श्रावणको "माला" (नेकलेस भन्ने फान्सिसी कहानी) को भूमिका यस्तो छः– "हाम्रा गोरखापत्रका प्रिय पाठकहरूमा निवेदन गरिन्छ कि यो लोक भिन्न भिन्न रुचि भयाको हुनाले इतिहास प्रेमीहरूलाई आनन्द गराउने, खालि आनन्द मात्र होइन चतुर पुरुषहरूलाई शिक्षा समेत मिल्ने हुँदा यो यौटा रोचक शिक्षाप्रद छोटो इतिहास गोरखापत्रद्वारा प्रिय महाशयहरूमा जाहेर गरिन्छ "भनेर कथाको शुरु गरिएको छ भने अर्को सज्जनसिंह कथाको उपसंहार यसरी भएको छः– "प्रिय महाशय हो ! यस आख्यायिकामा पनि कै एक शिक्षाका कुरा ग्रहण गर्न लायकका छन् हेर्नोस् पैले काल अनुसारको व्यवहार जानिने भो अर्को स्त्री विवाह गर्नालाई कस्तो कष्ट पर्दो रहेछ ! उस्मायी झन् आफुले भने जस्ता राम्रा पनि शीलस्वभाव भयाका पनि पाउनालाई राजा संम धनीलाई पनि कस्तो गाह्रो हुँदो रहेछ जस्तो कष्ट उस्तै फल त्यस्ता हिसाब संग असल पायापछि पछि घरबार (गृहस्थी) कतिको उमेर सुखदायक भैकन परमार्थ सुधार्दो रहेछ इत्यादि कै एक कुराको विचार गर्नु पर्छ ।"

यस्तै किसिमले १९७० साल चैतको 'मान भञ्जन' कथाको भूमिका यसरी बाँधिएको छः– "पृय महाशय हो ! यो मानभञ्जन क्या हो ? जसको वयान तपाञ्चीहरूलाई गोरखापत्रद्वारा पूरा तवरले याद भयाको छ । जसले संसारमा अद्वितीय साहित्यवाला भन्ने नामरूपी अक्षर–धन कमायो ..... उस्ता बंगाली कवि बाबु रवीन्द्रनाथ ठाकुरले बनायाको ग्रन्थ प्रायः सबैले अवलोकन गर्नु भयो होवोइन । अद्वितीय साहित्यको केही दिग्दर्शन हाम्रा गोरखापत्रका प्रिय ग्राहक महाशयहरूलाई पनि हवस् भन्ने अभिप्रायले उनै कवि बाबु रवीन्द्रनाथ ठाकुरले बनायाका 'गल्पगुच्छ' भन्ने ग्रन्थबाट झिकेर यो एक आख्यायिका अनुवाद गरियाको हो ।" यसरी छापिएका 'कथाको स्रोत र अन्त्य जनाइएको छ भने कहीं त्यसबारे केही (अनूदित वा मौलिक) थाहा नदिएर गोरखापत्रले अन्यौलमा पारेको छ तर अनूदित वा मौलिक जस्ता कथा भए पनि त्यसका पात्रहरूको नेपाली नामकरण गरी नेपाली शैलीमा लेखी पाठकलाई शिक्षा, चेतना र आनन्द दिँद कथा–साहित्यको श्रीवृद्धि भने प्रशस्त गरेको कुरा चाहिं उल्लेखनीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ ।

यस प्रकार जनसाधारणलाई चाखलाग्दा कथाहरू प्रकाशन गरेर गोरखापत्रले आफ्नो व्यावसायिकता बढाउँछ, कथा–साहित्य पढाउँछ र चेतनाको जागरण गराउँछ । यसकारण नेपाली कथा–साहित्यको विकासमा गोरखापत्रको विशेष योगदान छ र ऐतिहासिक महत्व छ ।

यी कथाहरू कति उपन्यास भन्न हुने खालका छन् भने कति चाहिं कथा भन्न पनि नसकिने खालका छन् तथापि यहाँ केही त भन्नै पन्यो, यिनको कथा नै यस्तै हुनाले 'कथा' भनिएको छ । यस्ता कथाहरूको संख्या एकसठ्ठी देखिन्छ । सबै कथामा नेपालीपन भरिएको छ । यस्ता कथाहरूको वर्गीकरण मोटामोटी रूपमा यसरी गर्न सकिन्छः– (१) मनोरञ्जनात्मक, (२) आख्यायिका, (३) धार्मिक, पौराणिक तथा उपदेशात्मक, (४) जासूसी, (५) नैतिक, (६) सामाजिक, (७) ऐतिहासिक, (८) विविध ।

उक्त वर्गीकरणभित्र पर्ने सबै कथाहरू मौलिक हुन् वा अनूदित भनेर छुट्याउन ज्यादै कठिन पर्दछ तथापि केही कथाको शीर्षकमा नै देशको नाम दिइएको र कुनै कथाको कोष्ठभित्र प्रकार बताइएकोबाट विषयवस्तु र क्षेत्रसम्म बुझ्न सकिन्छ । जस्तैः– पायोनियरले लेखेको पतिव्रता चरित्र, प्रत्यागमन– एक जापानी किस्सा, माला– नेकलेश भन्ने फ्रान्सिसी कहानी, दालिया– एक बंगाली गल्पको अनुवाद, बूढाको विवाह– एक औपदेशिक गल्प ।

(ङ) जीवनी––

माथि नै भनिसकिएको छ– जीवनी साहित्यको महत्वपूर्ण विधा हो । गोरखापत्रले आफ्ना पाठकहरूलाई पढाएका बयालीसवटा जीवनीहरू मध्ये धेरै जसो अन्ताराष्ट्रिय जीवनीहरू नै छन् । 'ठूला ठूला महापुरुषहरूको जीवनी पढनाले फाइदा हुन्छ' भन्ने कुरा गोरखापत्रले प्रकाशन गरेको "जीवन चरित्र"[१] को भूमिका बाँढ्दै आफैं बताउँछ । यस जीवनचरित्रलाई शुरु गर्नुभन्दा पहिले– "अघिल्ला हप्ताको गोरखापत्रमा काशीका अद्वितीय विद्वान् महामहोपाध्याय पं. गङ्गाधर शास्त्री सी. आई. ई. को मृत्यु समाचार प्रकाशित गरिएको हो । यस हप्तामा निज विद्वान्को जीवनचरित्र पनि संक्षेप तवरले दिइन्छ किनभने ठूला ठूला राजा, महाराज, वीर ,साधु, महात्मा, विद्वान् इत्यादिको जीवनचरित्र हेर्नलि मानिसको मन आकर्षित र बडो फाइदा लाभ हुन्छ यस कारण यस गोरखापत्रका

१. 'गोरखापत्र' भाग १३, संख्या १०, संवत् १९७० आषाढ १७ गते सोमवार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग्राहक महाशयहरूलाई यि विद्वान् यहाँ संमका रहेछन् यस्तो चरित्र रहेछ भन्ने याद होस् भन्ना निमित्त प्रकाशित गरियाको हो"– भन्ने लेखी जीवनीको आरम्भ भएको छ । यस जीवनीमा पं. गङ्गाधर शास्त्रीको जन्म, बालचर्या, गुरुसेवा, नियमितता, दिनचर्या, विवाह, पुत्ररत्न, नोकरी, सम्मान, शान्तिस्थापना, देशाटन, यज्ञ, ग्रन्थप्रणयन, कविताप्रीति, चित्रबन्ध, विद्वत्ता, शिष्यका साथको व्यवहार, प्रचार, विशेषता, शिष्टागमन जस्ता विषयमा संक्षिप्त वर्णन गरिएको छ । लेखकको नाम नछापिएको यस जीवनीको भाषा सुन्दर तथा प्रवाहशील छ । यसै वर्ष प्रकाशित अर्को जीवनी "मि. मार्गनको जीवन"[1] हो । यसमा पहिले सम्पत्तिको महत्व देखाउँदै अमेरिका देशका करोडौं रुपियाँका मालिक मिस्टर जान पियर पान्ट मार्गनको जीवनी छापिएको छ । जीवनी अनुसार उनी करोडौं रुपियाँका मालिक र ठूला व्यापारी थिए । यिनले गरेका ठूला कामको उल्लेख गर्दै धाराबाहिकरूपमा छापिएको यस जीवनीले पाठकहरूलाई धन कमाई देशको उन्नति गर्नुपर्छ भन्ने सल्लाह दिएको छ । यस्तै किसिमले ठूला ठूला विद्वान् तथा धनवान्हरूको जीवनीबाट पाठकहरूलाई देशको उन्नति गर्न प्रेरणा र उत्साह मिलोस् भन्ने उद्देश्य राखी गोरखापत्रमा प्रकाशित भएका अरू जीवनीहरू यी हुन्:– 'सत्यव्रत (वैदिक पण्डितको जीवनी)[2], व्याकरणाचार्य पण्डित धनराज[3], महात्मा तुलसीदास[4], पण्डित जगन्नाथ[5], महाकवि क्षेमेन्द्र,[6] पण्डित बालकृष्ण भट्ट[7], विज्ञानाचार्य (जगदीशचन्द्र वसुको जीवनी)[8], महानुभावको जीवनचरित्र (राजवैद्य बाबा भाइको जीवनी)[9], कुमारी हेलेनकलर[10], भजनानन्दी

---

१. गोरखापत्र भाग १३, संख्या २०, संवत् १९७० साल भाद्र २४ गते सोमवार

२. ऐ. भाग १२, संख्या ११, संवत् १९६९ साल आषाढ २५ गते सोमवार

३. ऐ. भाग १३,संख्या ३५, संवत् १९७० साल पौष २२ गते सोमवार

४. ऐ. भाग १३, संख्या ४३,संवत् १९७० साल फाल्गुन १९ गते सोमवार।

५. ऐ. भाग १४, संख्या १६ संवत् १९७१ साल श्रावण २६ गते सोमवार।

६. ऐ. भाग १४, संख्या २७, संवत् १९७१ साल कार्तिक २४ गते सोमवार ।

७. ऐ. भाग १४, संख्या ३४, संवत् १९७१ साल पौष १४ गते सोमवार।

८. ऐ. भाग १५, संख्या १०, संवत् १९७२ साल आषाढ १४ गते सोमवार ।

९. ऐ. भाग १५, संख्या २४, संवत् १९७२ साल आश्विन १८ गते सोमवार

१०. ऐ. भाग १५, संख्या ३५, संवत् १९७२ साल पौष १९ गते सोमवार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(पण्डित शम्भुदेव पाण्डेको जीवनी)[१], ईश्वरचन्द्र विद्यासागर[२], बलदेवदास कवि[३], भर्तृहरिको जीवनी[४], मुसलमान कवि[५], रामकृष्ण परमहंस[६], बाबु बंकिमचन्द्र चटर्जीको जीवनी[७], कैलाशचन्द्र शिरोमणिको जीवनी[८], चार्ल्स डार्विन-को परिचय[९], शिवकुमार शास्त्रीको जीवनी[१०], भारतेन्दु बाबु हरिश्चन्द्र[११], माघ कवि[१२], कमीनियस् (जर्मनीका विद्वान्को जीवनी)[१३], ब्रोनिङ[१४], तुलसीदासको चरित्र[१५], लुई पाश्चर,[१६] रासविहारी घोसको जीवनी[१७], मुन्सी कालीप्रसाद[१८], ज्योतिषीस्त्री[१९], चरित्र संग्रह (भास्कराचार्यको परिचय)[२०], अमेरिकाको धनी रकफेलर,[२१] उकलैदिस,[२२] न्यूटन,[२३] स्वामी भास्करानन्द सरस्वती,[२४]

---

१. गोरखापत्र भाग १५, संख्या ३६, संवत् १९७२ साल पौष २६ गते सोमवार ।
२. ऐ. भाग १५, संख्या ३७, संवत् १९७२ साल माघ ४ गते सोमवार ।
३. ऐ. भाग १६, संख्या ८, संवत् १९७३ साल जेष्ठ ३१ गते सोमवार ।
४. ऐ. भाग १६,संख्या १४, संवत् १९७३ साल श्रावण १० गते सोमवार ।
५. ऐ. भाग १६, संख्या १८, संवत् १९७३ साल भाद्र ६ गते सोमवार।
६. ऐ. भाग १६, संख्या ३६, संवत् १९७३ साल पौष २५ गते सोमवार ।
७. ऐ. भाग १६, संख्या ४६, संवत् १९७३ साल चैत्र ७ गते सोमवार ।
८. ऐ. भाग १७, संख्या ८, संवत् १९७४ साल जेष्ठ २९ गते सोमवार ।
९. ऐ. भाग १७, संख्या १०, संवत् १९७४ साल आषाढ १२ गते सोमवार ।
१०. ऐ. भाग १७, संख्या २१, संवत् १९७५४ साल भाद्र २६ गते सोमवार।
११. ऐ. भाग १९, संख्या ३५, संवत् १९७६ साल पौष १४ गते सोमवार ।
१२. ऐ. भाग २०, संख्या २३, संवत् १९७७ साल आश्विन ५ गते सोमवार ।
१३. ऐ. भाग २०, संख्या २३, संवत् १९७७ साल आश्विन ५ गते सोमवार ।
१४. ऐ. भाग २०, संख्या ३१, संवत् १९७७ साल माघ १५ गते सोमवार ।
१५. ऐ. भाग २०, संख्या ४३, संवत् १९७७ साल फाल्गुन १० गते सोमवार ।
१६. ऐ. भाग २०, संख्या ४५, संवत् १९७७ साल फाल्गुन २४ गते सोमवार ।
१७. ऐ. भाग २०, संख्या ४७, संवत् १९७७ साल चैत्र ९ गते सोमवार ।
१८. ऐ. भाग २१, संख्या १४, संवत् १९७८ साल श्रावण १४ गते सोमवार ।
१९. ऐ. भाग २१, संख्या ४१, संवत् १९७८ साल माघ २४ गते सोमवार ।
२०. ऐ. भाग २१, संख्या ४९, संवत् १९७८ साल चैत्र २१ गते सोमवार।
२१. ऐ. भाग २२, संख्या ३, संवत् १९७९ साल वैशाख १९ गते सोमवार ।
२२. ऐ. भाग २२, संख्या ४, संवत् १९७९ साल वैशाख २६ गते सोमवार ।
२३. ऐ. भाग २२, संख्या ४, संवत् १९७९ साल वैशाख २६ गते सोमवार ।
२४. ऐ. भाग २२, संख्या ५, संवत् १९७९ साल जेष्ठ २ गते सोमवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काशीनाथ त्र्यम्बक तिलांग[1], फ्रीवलको शिक्षा[2], संक्षिप्त परिचय (लर्ड कर्जनको जीवनी)[3], श्री ३ चन्द्रशमशेर ज. ब. रा. का जीवन चरित्रको विवेचना[4], स्वामी शंकराचार्य[5], बैजूबावरा[6], श्री ३ भीमशमशेर ज. ब. रा. को संक्षिप्त जीवनी[7]।'

यस प्रकार गोरखापत्रले आफ्ना पाठकहरूलाई अन्ताराष्ट्रिय व्यक्तित्वको परिचयकासाथै स्वदेशको उन्नति गर्न प्रेरणा दिने उद्देश्यले धारावाहिकरूपमा प्रकाशित गरेर उपर्युक्त जीवनीहरू पढाउँछ र नेपालीहरूलाई शिक्षा तथा चेतनाको संचार गराउँछ ।

(च) लेख, निबन्ध--

गोरखापत्रमा प्रकाशित लेख, निबन्ध विधा भने कथा जत्तिको फस्टाउन नसकेको अनुभव हुन्छ । दुब्लै भए पनि र पातलै भए पनि यस विधाको जन्म दिएर जनक हुने श्रेय गोरखापत्रकै छ । गोरखापत्रको प्रकाशन हुनुभन्दा पहिले नेपालीमा लेख, निबन्ध विधाले मुख देखाउनै सकेको थिएन । गोरखापत्रमा पनि कहिले सम्पादकीय स्तम्भ, कहिले देश समाचार, कहिले देशान्तर समाचारको पातलो घुम्टो ओढेर कहिले निजात्मक, कहिले वर्णनात्मक र कहिले विवरणात्मक दुब्ला अनुहारहरू निबन्ध विधाले देखाउँछ, तर ती अनुहार दुब्ला भए पनि रुन्चे र मरन्च्याँसे छैनन् । पौष्टिक खुराक मिल्दै जान्छ, निबन्धका रूपहरू मोटाउँदै र तेजिला हुँदै आउँछन् ।

यस्ता निबन्धले विभिन्न विषयमा गोरखापत्रका पाठकहरूलाई विविध जानकारी दिन शुरु गर्छन् । जुनसुकै विषयमा किन नहोस् छोटकरी परिचय मात्र पाउनाले पनि त्यस विषयमा चाख राख्नेहरूलाई ठूलो जिज्ञासा उत्पन्न हुन्छ । गर्नेका लागि परिचय नै प्रेरक बन्छ । यसरी छोटो परिचय दिनु, संक्षेपमा बताउनु,

---

१. गोरखापत्र भाग २२, संख्या ५, संवत् १९७९ साल जेष्ठ २ गते सोमवार ।
२. ऐ. भाग २३, संख्या ३३, संवत् १९८० साल मार्ग २५ गते सोमवार ।
३. ऐ. भाग २४, संख्या ४९, संवत् १९८१ साल चैत्र १७ गते सोमवार ।
४. ऐ. भाग २६, संख्या २१, संवत् १९८३ साल भाद्र २१ गते सोमवार ।
५. ऐ. भाग २८, संख्या २२, संवत् १९८५ साल भाद्र २६ गते सोमवार ।
६. ऐ. भाग ३०, संख्या २३, संवत् १९८७ साल भाद्र ३० गते सोमवार ।
७. ऐ. भाग ३२, संख्या २१, संवत् १९८९ साल भाद्र २१ गते सोमवार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस विषयमा जिज्ञासा जगाउनु अथवा केही भन्नु नै त हो निबन्धको काम पनि। गोरखापत्रमा छापिएका यस्ता लेख, निबन्धहरू प्रायः साना छन् तर ठूला कुरा बताउँछन्। छोटा छन् तर मीठा छन्। चुट्किला छन् तर गजबका छन्। निद्राका विषयमा लेखिए पनि जगाउनु, मूर्खका विषयमा लेखिए पनि पढाउनु, लाटाका विषयमा छापिएर बोलाउनु, रातका विषयमा भए पनि उज्यालो देखाउनु, अज्ञानका विषयमा लेखिएर ज्ञान दिनु यही त हो निबन्धको विशेषता। यसैकारण गोरखापत्रमा त्यसवेला छापिएका लेख निबन्धहरू पातलै भए पनि अरु विधाभन्दा कम्ती र कमजोर छैनन्। यिनले आफ्ना क्षेत्रमा रहेर ठूलो काम गरेका छन्। यिनै निबन्धहरूको पृष्ठभूमि नै आधुनिक नेपाली साहित्यको पहिलो निबन्ध 'महेन्द्रमल्ली' को जन्मभूमि हो। यस्ता निबन्धहरू अरु पत्र-पत्रिकाहरूमा धेरै छन् तर गोरखापत्रमा पनि कम्ती छैनन्। त्यस अवधिभित्र गोरखापत्रमा मैले हेर्न पाएका लेख, निबन्धहरू तीनसयवटा देखिएका छन्। जति छन्, जे छन् र जस्ता छन् ती सबै आफ्नै खालका छन्। यस विधाको विकासमा गोरखापत्रको उत्तिकै महत्व छ र त्यत्तिकै योगदान पनि छ, जत्तिको अरू विधाहरूमा रहेको छ।

(छ) समीक्षा—

नेपाली साहित्यका विकासमा गोरखापत्रको योगदान के छ ? कत्तिको छ ? र कस्तो छ ? भनेर हेर्न खोज्दा गोरखापत्रले नै केही समीक्षा पनि गरेको देखिन्छ। गोरखापत्रले त्यतिवेला गरेका समीक्षा, समालोचना निश्चय पनि पुराना हुन् तैपनि आज फर्केर हेर्दा नयाँ देखिन्छन् र अनौठा लाग्दछन्। त्यसैले यिनमा नवीनता देखिन्छ, तोते बोली सुनिन्छ र बाल–चपलता भेटिन्छ।

गोरखापत्रमा त्यतिवेला समीक्षा के छन् र ? केही छैनन् भनौं भने केही त छन्। कहिलेकहीं 'समालोचना' भनेर कुनै पुस्तकको साधारण परिचय मात्र बताएका छन्। सानो बालकमा झैं यिनमा बौद्धिक विकास भएको छैन तथापि विकासशील छन्। यही क्रममा "६१ वर्षको परिश्रम डेढ मनको एक उपन्यास"[१] भन्दै गरिएको समीक्षाले आफ्नो क्षेत्र अलि बढाएको छ। यस उपन्यासको परिचय गोरखापत्रले यसरी बताएको छः– ".....ई. १८५२

---

१. गोरखापत्र भाग १३, संख्या २७ संवत् १९७० साल कार्तिक२५ गते सोमवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा बनाउन प्रारम्भ गरेको अहिले ६१ वर्ष भयो यस ग्रन्थका १०६ भाग छन्, प्रत्येक भागमा एक हजार पृष्ठ, करीब ३२ लाख पंक्ति र एक करोड शब्द छन्, सब भागको ओजन १ मन २५ सेर छ, यो उपन्यास ऐतिहासिक हो या कल्पित हो भन्ने थाहा पाइयाको छैन, जस्तो सुकै भए पनि ग्रन्थकारको साहसलाई धन्यवाद दिनै पर्छ ..... धन्य साहस !"

यसै वर्ष प्रकाशित "स्नान गर्ने मेसिन.....[1] शीर्षक विएर गरिएको अर्को एउटा समालोचनात्मक निबन्ध जस्तो सानो लेख छ। यसलाई 'समालोचना' भनिएको छैन तापनि उक्त मेसिनलाई आत्म प्रकाशनको माध्यम बनाउँदै केही समीक्षात्मक टिप्पणी भने गरिएको छ। यसमा यूरोपियनहरूले तयार गरेको साना बालकहरूलाई नुहाउन सजिलो हुने मेसिनको संक्षिप्त परिचय दिइएको छ र आविष्कारकहरूलाई प्रशंसा गरिएको छ। यसको समाप्ति यस किसिमले भएकोछः- "..... धन्य आविष्कारकका बुद्धिलाई ! जो आफू पनि गर्न जान्दैन वा सक्तैन अर्कालाई पनि निन्दा गर्दछ त्यो महामूर्ख हो। अर्काले गरेका काममा तारीफ गरिदिनाले त्यो सुनेर इलम गर्नामा लागेका मानिसको साहस धेरै बढ्दछ र अरू धेरै उपयोगी नयां नयां चीजको आविष्कार गर्दछन् यसकारण गुणी,इलमीको प्रशंसा गर्नु पनि बुद्धिमान्को कर्तव्य हो।"

यस्तै कर्तव्य गर्दै अघि बढेको समालोचनात्मक परिचय भएकोलेख 'नोबल'[2] हो। यसमा "बेलायतमा साहित्य सम्बन्धी नोबल पुरस्कार पाउने बंगालका महा कवि रवीन्द्रनाथ ठाकुरले..साँच्चि नै ठूलो प्रशंसाको कुरो छ, यथार्थमा विद्या धनबाट मिल्दैन, स्कूल कालेजबाट पनि मिल्न सक्तैन, जो विद्याका निमित्त परिश्रम गर्छ, उसैलाई विद्या मिल्छ, सरस्वतीको असल छोरो हुनलाई अरू कुनै सामग्रीको प्रयोजन छैन, सिर्फ आन्तरिक अनुराग या भित्री प्रेम र अविराम परिश्रमको प्रयोजन छ....." भनेर कवि रवीन्द्रनाथ ठाकुरको विद्वत्ता र परिश्रमको प्रशंसा गरिएको छ। यस्तै किसिमका समालोचना यस समयभित्र सोह्रवटा मात्र भेटिएका छन्।

७. निष्कर्षः-

'नेपाली साहित्यका विकासमा गोरखापत्रको योगदान' नामक यो सानो प्रयासको प्रथम खण्डमा गोरखापत्रको प्रकाशन हुनु भन्दा पहिलेको नेपाली साहित्य-

---

१. गोरखापत्र भाग १३ संख्या २९ संवत् १९७० साल मार्ग ९ गते सोमवार।
२. ऐ, भाग १३ संख्या ३१ संवत् १९७० साल मार्ग २३ गते सोमवार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

का बारेमा छोटो चर्चा मात्र गरिएको छ। द्वितीय खण्डमा आगर गोरखापत्रको प्रकाशन सम्बन्धी व्यवस्था र संवत् १९९१ भन्दा पहिलेका गोरखापत्रमा प्रकाशित नेपाली साहित्यका सबैजसो विधाहरूको विश्लेषण गर्न खोजिएको हो। यस प्रसङ्गमा प्रस्तुत विषयको क्षेत्र र सीमा भित्र रही हेर्दा गोरखापत्रमा फेला परेसम्मका साना ठूला गरी कवितााको संख्या एक सय छ। यिनमा पनि साहित्यिक रूपमा चोखिएर उत्रनसक्ने कविता थोरै नै छन्। विशेष गरी तत्कालीन कवितामा गोरखापत्रले श्री ३ को प्रशंसा र गुणगान गरेको देखिन्छ भने कुनै कुनै कविताद्वारा मनोरञ्जन र उपदेश गर्न पनि पछि परेको छैन।

नाटक भने एउटै मात्र फेला पऱ्यो। यो संस्कृतबाट अनूदित हो तापनि यसको भाषा अत्यन्त सुन्दर तथा प्रवाहपूर्ण छ। केही अनूदित र केही मौलिक समेत गरी उपन्यासहरू जम्मा एघार वटा मात्रै भेटिए। उपन्यासको यो संख्या थोरै देखिन्छ तापनि धारावाहिक रूपमा प्रकाशित भएका यी उपन्यासहरूले बहुसंख्यक पाठकहरूलाई मनोरञ्जन गराएको अनुभव हुन्छ। उपन्यासबाट पाठकहरूलाई जस्तो किसिमले मनोरञ्जन हुन्छ त्यतिकै आनन्दको सञ्चार गर्न र असत् मार्गबाट सन्मार्ग तिर प्रवृत्त गराउन गोरखापत्रका कथाहरू पनि पछि पर्दैनन्। यस्ता कथाहरू एकसठ्ठी वटा मात्र देखिन्छन् भने यी मध्ये केही धारावाहिक भेटिन्छन्।

गोरखापत्रले केही जीवनीहरूको प्रकाशन गरी आफ्ना पाठकहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न क्षेत्रमा ख्यातिप्राप्त व्यक्तित्वको चिनारी पनि गराएको छ। यस प्रकार प्रकाशित जीवनीहरू बयालीस वटा छन्। यसका अतिरिक्त गोरखापत्रमा प्रकाशित भैरहने लेख, निबन्ध तीनसय वटा देखिए। यस्ता लेखहरूको संख्या यति नै हुन्छ भनेर बताउन निकै अपठ्यारो कुरा हो। गोरखापत्रले बेला बखतमा आफ्नै र अरुको पनि विज्ञापन गरेको छ। यस्तै किसिमले छोटकरीमा परिचयमात्र अघि सारेर केही समालोचना पनि गरेको पाइन्छ। यस्ता समालोचनामा प्रायशः 'पुस्तक परिचय' नै भेटिन्छन्। गोरखापत्रले गरेका समालोचना जम्मा सोह्रवटा भएपनि तत्कालीन परिप्रेक्ष्यमा यो क्षेत्र आवाद भएकै सम्झनु पर्छ।

गोरखापत्र हेर्दा उक्त साहित्यिक विधाहरूभन्दा अरू पनि धेरै कुरा फेला पर्छन्। तिनको लेखा जोखा यहाँ गरिएको छैन तापनि तिनमा केही सामान्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जानकारीका कुरा र प्रायः स्वास्थ्य क्षेत्रका आधारभूत कुराहरू छन् । विशेष गरी आयुर्वेदिक जडीबुटी र औषधिमूलोको परिचय सहित गुण बताएर स्वास्थ्य जगतका निम्ति गोरखापत्रले उल्लेख्य सेवा गरेको छ । यसको स्पष्टीकरणका लागि यस क्षेत्रमा आवश्यक अध्ययन अनुसन्धानको खाँचो छ । यस बाहेक गोरखापत्रले वेला बखतमा निस्कने गरेका ऐन नियम, सवाल, सनद, निर्णय, परीक्षा को नतिजा, पंजनी, इस्तिहार तथा राजा महाराजाहरूका केही भाषण पनि प्रकाशन गरेको छ । कानूनी र ऐतिहासिक दृष्टिले यिनको बेग्लै स्थान भएको हुनाले साहित्य अन्तर्गत समावेश गरिएको छैन ।

'गोरखापत्र' साहित्यिक अखवार होइन तथापि यसले आफ्नो प्रकाशनको प्रारम्भ देखिनै साहित्यका माध्यमबाट गरेको जन सेवा अविस्मरणीय छ । गोरखापत्रले पूर्ण रूपमा सरकारी हुनु भन्दा अघि संवत् १९७३ साल सम्म विशेष गरी साहित्यिक सामग्री प्रकाशन गरेको देखिन्छ । यस पछि भने गोरखापत्रमा साहित्यिक प्रकाशनको शिथिलता भेटिन्छ । संवत् १९७९ साल देखि त प्रशंसा मुखी केही कवितालाई छाडेर साहित्यिक प्रकाशन ठप्पै रोकिएको छ ।

यसरी मनोरञ्जन युक्त साहित्यको प्रकाशन गर्न छोड्नु शायद पूर्ण सरकारी भएकाले पाठकको सम्पर्क विना आफूलाई सुरक्षित ठानेर होला । जे होस्, तीन दशक भन्दा बढी गोरखापत्रको निरीक्षणबाट समष्टि रूपमा नेपाली साहित्यका विकासमा यसको योगदान पद्य तर्फ भन्दा गद्य तर्फ नै विशेष भएको देखिन्छ । समालोचक कृष्णचन्द्र सिंह प्रधानलाई [१] जस्तै निष्कर्षमा आएर गोरखात्रपको अध्ययन विना नेपाली साहित्यको इतिहासको अध्ययन अधूरो नै हुन्छ भन्ने मलाई लाग्दछ ।

८. उपसंहारः–

गोरखापत्र (संवत् १९५८ देखि १९९१ सम्म) मा भएका नेपाली साहित्यका विभिन्न विधाहरुको निरीक्षण गर्दा फेला परेका कविता, नाटक, उपन्यास कथा,

---

१. कृष्णचन्द्र सिंह प्रधान "गोरखापत्र र नेपाली साहित्य" 'गोरखापत्र' ७५ औं वार्षिकोत्सवाङ्क पृष्ठ ५२, गोरखापत्र संस्थान, काठमाडौं २०३३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनी, लेख निबन्ध तथा केही समालोचनाका सम्बन्धमा यथाक्रम माथि उल्लेख गरिएको छ । यही क्रममा साहित्यका विभिन्न विधाहरू हेर्दै आउदा अरु पनि विभिन्न कुराहरू देख्न पाइयो जो असाहित्यिक हुन् र साहित्यका क्षेत्रभित्र पर्दैनन् । गोरखापत्रमा यस्ता विभिन्न विषयका कुरालाई बताउन "विविध विषय" भन्ने शीर्षक राखिएको छ ।

यस्ता विविध कुराहरूलाई असाहित्यिक भनेर साहित्यका क्षेत्रबाट अलग्याए पनि मलाई त भन्न मन लाग्छ– यी कुराहरू नै साहित्यका मूल आधार वा पृष्ठभूमि हुन् । गोरखापत्रमा प्रकाशित यस्ता विविध कुराहरूमा नीतिशास्त्र, धर्मशास्त्र, लक्षणशास्त्र, ज्योतिष शास्त्र, औषधिशास्त्र, वनौषधिशास्त्र, शिल्पशास्त्र विज्ञान, मनोविज्ञान, वनस्पति विज्ञान, विवाद, संवाद, मनोवाद, भोजन, विजन, सज्जन, दुर्जन र विजय देखि पराजयसम्म, लहडी देखि जहडीसम्म, गफडी देखि गँजडी सम्म, सवारी देखि घरवारी सम्म, कुल देखि सुकुल संम, दुकूललेखि कुकूल सम्म, सुन देखि नून सम्म, दिनचर्याका कुरा देखि रात्रिचर्याका कुरासम्म, आख्यान देखि व्याख्यान सम्म कति कुरा गरौं, जन्मनुभन्दा अघिका कुरादेखि मर्नुभन्दा पछिका कुरासम्म अनेक कुरै कुरा छन् । यस्ता कुरा बताएर साध्य छन, तर यस्ता कुरा भित्र साहित्यको क्षेत्र भएको कुरा भने स्वीकार गर्नै पर्छ ।

यिनै हुन्– मैले 'नेपाली साहित्यका विकासमा गोरखापत्रको योगदान" भन्ने विषय क्षेत्र भित्र रही नेपाली पत्र पत्रिकाको पुराणपुरुष गोरखापत्रको सिंहावलोकन गरेर लेखेका र देखेका कुरा । अब अरु धेर कुरा गर्नु छैन । उपसंहारमा यतिमात्र भन्छु– "नेपाली साहित्यका विकासमा गोरखापत्रको विशेष योगदान छ र यो पद्य तर्फ भन्दा गद्य तर्फ बढी देखिन्छ ।" यसको निरीक्षण, परीक्षण र समीक्षण गर्ने कुरा भविष्यले जिम्मा लिनेछ भन्ने विश्वास गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट

(क) गोरखापत्रबाट उद्धृत उत्कृष्ट पद्य–

"चन्द्रोदय"[१].....?

"शिवका शिरमा वस्ने कस्ने तिमिरको कर ।
चन्द्रले चन्द्रिका छाई हटाउन् सबको डर ।।१।।
नयाँ रङ्ग जम्यो सारा, नयाँ भो देशको थिति ।
उज्यालोमा अँध्यारो झैं, दुःखको पुरनगो मिति ।।२।।
यशको हुनगो वर्षा, न्यायको बढ्नगो गति ।
वर्षाका दिनमा आफै नदीको हुन्छ उन्नति ।।३।।
ढाकियो कीर्तिले लोक, रोग शोक सबै छुटे ।
आँधीले रुख ढाले झैं, कर आपत्तिका टुटे ।।४।।
पाउँदा चन्द्रको प्यारो, चन्द्रिका अति शीतल ।
प्यासीलाई मिले जस्तै, हुनगो जल निर्मल ।।५।।
तर्सन्थे दुःखले गर्दा, दुनियाँ अधिका सब ।
ठान्न लागे उसैलाई पाउको रज झैं अब ।।६।।
यशका गानले गर्दा, जगत्मा यश जुन् रह्यो ।
वीणाको दिव्य झन्कार, सुने तुल्य हुँदो भयो ।।७।।
चन्द्रबाट सुधा वर्षा, जगतै ढाकियो जब ।
वसन्तका भए आफै, रसिला वृक्ष झैं सब ।।८।।
छुटचो अकालको बाधा, कालका जालमा परी ।
घामका रापले गर्दा, शीत झैं गो विपत् मरी ।।९।।
अटाउन्न जसै आयो, अँठ्याचो जगको थिति ।
प्रभातले निशालाई, लिए झैं सहजै जिती ।१०।।

---

१. 'गोरखापत्र' भाग १९ संख्या ४६, पृष्ठ ७, संवत १९७६, साल चैत्र ३ गते सोमवार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नयाँ रूप दिलाएका, जनको खुशिभो मन ।
वसन्त ऋतुले गर्दा, भए झैं हरियो वन ।।११।।
प्रजामा हर्ष वर्षाई, फलियो जयको ध्वनि ।
कामिनीका गलाबाट, निस्केको तान झैं बनी ।।१२।।
योग्यका आडले गर्दा, योग्य सारा भए जब ।
प्रभातमा खिले जस्तै खिले फूल सरी सब ।।१३।।
जुटे सज्जनका गोल अमोल रसमा परी ।
रसिलो फूल देखेर जुटेका भमरा सरी ।।१४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) गोरखापत्रबाट उद्धृत उत्कृष्ट गद्य–

"प्रभात" [1].....?

"पर्वतका शिखरबाट बहेको छाँगो झैं निर्मल भयि प्रभातको समय आयो। रमणीका गलाको पञ्चम स्वरलाई लज्जित गराउँदै चराहरू मधुर आलाप लिन थाले। नाट्यशालाको पर्दा खसे झैं गरी ताराका समूहलाई श्वेत पर्दाले ढाक्यो। नव मिलनकी वधू झैं भयि प्राची दिशाको मुख लाल वर्णले रङ्गियो। समुद्रमा ब्रह्मपुत्र मिले झैं अन्धकारले आकाशको शरण लियो। विरहले गुटमुटिएकी युवती झैं भयि निशादेवी गिरिका गुफामा दवियिन्। अत्तर छिटेको मानलाई दिलाइ फूलका सुगन्धिमा लट् पटिएको समीर वग्न थाल्यो। पन्नाको रिकाबी-मा मोती राखे झैं गरी हरियो दूबोमा ओस वर्षन लाग्यो। धेरै दिन पछि भेट भए झैं भयि चखेवा चखेवी हर्ष मनाउन थाले। दरिद्रले धन कमाए झैं गरि कोपिलाहरू फुल्न लागे। निमन्त्रणामा आएका व्यक्ति झैं भयि फूलका वरिपरि भमराहरू घुम्न थाले। हज्जारौं हातले प्रियतमालाई अङ्कमाल गरे झैं गरि प्राची दिशातिर दिनकरले किरण जाललाई फिजाए। पानले अधर रंगाएकी चारुहासिनी झैं भयि गगनका एक प्रान्तमा लालीको रेखा फैलियो। समरमा घमण्ड टुटेको वीर झैं गरि चन्द्रमाले शिर झुकाए। रणमा विजय प्राप्त गरि फर्केका फौज झैं भयि गङ्गाका तरङ्गबाट कलकल ध्वनि सुनिन लाग्यो। विरहमा डुबेका मनुष्य झैं गरि उलूक झोंक्रिन थाल्यो। मध्याह्नमा किरणले वैलिएको पालुवा झैं भयि दीपको ज्योति मन्द हुन लाग्यो। बालकको हृदय झैं बनि आकाशले स्वच्छता धारण गर्‍यो। युवतिका हृदयमा लट्टेको हार झैं भयि नदीका किनार-को बालुवा टल्कन थाल्यो। सितारबाट निस्केको गमक झैं गरि सल्लाका बनमा हावा गूंजन लाग्यो। कुनै गवैयाका गलाबाट निस्केको तान झैं भयि कोइलीले तान छेड्न थाल्यो। चुम्बकले फलाम खिचे झैं गरि नैष्ठिकहरू नदीका तीर तिर खिचिन लागे। जुवा हारेका जुवाडे झैं भयि प्रेमीहरू सुख शय्याबाट उठ्न थाले। निर्दयीले निर्दयिता देखाए झैं मालीहरू पुष्पलाइ वृक्षबाट अलग गर्न लागे। विषय

---

१. 'गोरखापत्र' भाग १९ संख्या ४१ पृष्ठ ४ संवत् १९७६ साल माघ २७ गते सोमवार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वासनालाई छोडी सन्सार देखि विरक्त भएका पुरुष झैं भयि चराहरू आपना आपना गुंडबाट निस्कन थाले । कलिकालका अन्त्यमा सत्यको स्वच्छ झण्डा फिजिए झैं गरि चारैतिर उज्यालो फैलियो । हिलोमा परेका श्वेत वस्त्र झैं भयि वाराङ्गना-हरूको मन मैलियो । यात्रा हेर्न निस्केका मनुष्य झैं गरि स्त्रीहरूको लर्को स्नान गर्नलाई निस्क्यो । जर्मनका दुनिञा माथि बृटिशले आधिपत्य जमाए झैं प्रभातले संसारमा आधिपत्य जमायो ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अवशिष्ट

(क) सन्दर्भ ग्रन्थसूची

अ. पुस्तक–

१. अमर्सिंह अमरकोषः विद्वच्छिरोमणि साहित्याचार्य पं कुलचन्द्र गौतम कृत संक्षिप्त टिप्पणी तथा परिशेष सहित प्रकाशक पं. लक्ष्मीनाथ गौतम १९ टङ्गाल गैरीधारा, काठमाण्डू, नेपाल।

२. (डा.) ईश्वर बराल– (सम्पा) सयपत्री साझा प्रकाशन २०३०

३. कृष्णचन्द्र सिंह प्रधान– नेपाली उपन्यास र उपन्यासकार साझा प्रकाशन २०३७ ।

४. कमल दीक्षित– यस्तो पनि जगदम्बा प्रकाशन श्री दरवार ललितपुर २०२६

५. कमल दीक्षित– कालो अक्षर साझा प्रकाशन २०२८ काठमाडौं ।

६. कमल दीक्षित– कागतीको सिरप जगदम्बा प्रकाशन श्री दरवार ल. पु. २०२६

७. कमल दीक्षित (सम्पा) सूक्तिसिन्धु (फेरि) जगदम्बा प्रकाशन ल.पु

८. ग्रीष्मबहादुर देवकोटा– नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास प्रकाशक केशवप्रसाद लम्साल विशानगर काठमाडौं २०२४

९. ढुण्ढिराज भण्डारी– नेपालको विवेचनात्मक इतिहास २०१५

१०. (डा.) तारानाथ शर्मा– नेपाली साहित्यको इतिहास (सं.दो सं) संकल्प प्रकाशन कालीमाटी, २०३९

११. दयाराम संभव र काशीनाथ तमोट गोरखापत्रको विवरणात्मक सूचीपत्र नेपाल र एशियाली अध्ययन संस्थान त्रि. वि. काठमाडौं ।

१२. दयाराम संभव र मोहनराज शर्मा नेपाली साहित्यको संक्षिप्त इतिहास नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०३४

१३. नरदेव शर्मा– कविवर मोतीराम भट्टको सचित्र जीवनी प्रकाशक पं. नरदेव शर्मा १९९५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१४. नरनाथ आचार्य– भानुभक्त आचार्यको सच्चा जीवन चरित्र
प्रकाशक लेखक स्वयं, द्वितीय संस्करण २०३६.

१५. पूर्ण प्रकाश नेपाल 'यात्री' राजा गगनिरञ्जको यात्रा
प्रकाशक नेपाल रिसर्च एसोसिएट्स् २०३६
सौजन्य नेपाल र एशियाली अध्ययन संस्थान त्रि. वि.

१६. बालकृष्ण पोखरेल– (सम्पा.) पांचसय वर्ष (पहिलो संस्करण)
जगदम्बा प्रकाशन श्री दरबार ल.पु.

१७. बालचन्द्र शर्मा– नेपालको ऐतिहासिक रूपरेखा, द्वितीय संस्करण २०२२
प्रकाशिका कृष्णकुमारी देवी वाराणसी

१८. भानुभक्त आचार्य– भानुभक्तको रामायण प्रकाशक– नेपाली
साहित्य सम्मेलन दार्जिलिङ्ग द्वितीय संस्करण

१९. युवराज सिंह कार्की– विश्व परिचय तृतीय संस्करण २०३६

२०. वाण भट्ट कादम्बरी (सम्पा) प्राचार्य मोहनदेव पन्त, अनुवादक
हरिश्चन्द्र विद्यालङ्कार प्रथम संस्करण वारणसी
१९७१

२१. साझा समालोचना– साझा प्रकाशन

आ. पत्रिका–

१. गोरखापत्र" वर्ष ८२ अंक २५६, संवत् २०३९ साल माघ ९ गते ।
२. ऐ. वर्ष ७७, अङ्क ५७ संवत् २०३४ साल असार १७ गते ।
३. ऐ. (७५ औं वार्षिकोत्सवाङ्क) संवत् २०३३ वैशाख २४ गते ।
४. ऐ. संवत् १९५८ देखि १९९१ सम्मका भेट्टाए जति सबै भाग र संख्या ।
५. 'हाम्रो पुरूषार्थ' (अर्ध वार्षिक) समालोचना विशेषाङ्क किरण पुस्तकालय तम्घास गुल्मी २०३७
६. ऐ. " सम्पूर्णाङ्क १३ " २०३८
७. ऐ. " सम्पूर्णाङ्क १४ " " २०३८
८. ऐ. " सम्पूर्णाङ्क १८ " २०४०
९. ऐ. " सम्पूर्णाङ्क १९ " २०४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) साप्ताहिक गोरखापत्रका अप्राप्त संख्या

१९५८ साल	भाग १,	संख्या १ बाहेक सबै ।
१९५९ साल	भाग २,	संख्या १ ३, ४, ५, ६, ७, ८, ९, ११, १४ १४, १५, १६, १७, १९, २१, २२, २३ २४, २७, २९, ३०, ४४, ४६, ४७ ।
१९६० साल	भाग ३,	संख्या ५, ७, ८, ११, १२, १३, १५, १८ १९, २४, २६, २८, ३०, ३५, ३७, ३९, ४५, ४९, ५१ ।
१९६१ साल–	भाग ४,	संख्या १२, १४, १५, १६, १८, १९, २३, २४, २६, २५, ३०, ४८, ४९, ५० ।
१९६२ साल–	भाग ५,	संख्या ५, ६, ९, १०, १२, १४, १५, २०, २१, २२, २४, २५, २९, २८, ३१, ३४, ३५, ३८, ३९, ४४, ४५, ४७, ४८ ।
१९६३, १९६४ र १९६५ सालका सबै भाग र संख्या ।		
१९६६ साल–	भाग ९,	संख्या २, ५, ९, १०, १२, १३, १४, '१५ १७, १८, १९, २६, २१, ३२, ४४, ४७, ४९, ५० ।
१९७७ साल–	भाग २०	संख्या ५, १०, ११, १२, १३, १४, १५, १६, २१ ।
१९७८ साल–	भाग २१	संख्या १, २, ३, ४, ५, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १८, १९, २२, २३, २४, २६, २७, २८, २९, ३०, ३३, ३५, ३६, ३७, ३९, ३८ ।
१९८५ साल–	भाग २८	संख्या १, ३, ५, २४, २६, २३, ३३ ।
१९८६ सालका	सबै भाग र संख्या ।	
१९८७ साल–	भाग ३०	संख्या ४०, ४९ ।
१९८८ साल–	भाग ३१	संख्या ९ ।
१९८९ साल–	भाग ३२	संख्या २६, २७, ४५ ।
१९९१ सालका सबै भाग र		संख्या अप्राप्त ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

DATE DUE



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Acc. No. 13807
Class No 891.49 Book No PAN
Author पन्त्यौ, लक्ष्मीकान्त
Title नेपाली साहित्यको विकासमा गो.प.
को योगदान

Due on	Borrower's Name	Returned on

891.49
PAN

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu